पहिलो परिच्छेद

# अध्ययनपत्रको परिचय

# पहिलो परिच्छेद

# अध्ययनपत्रको परिचय

## १.१ अध्ययनपरिचय

नेपालका विभिन्न जातिहरू मध्ये कुमाल पनि एक हो । जनजाति वर्गमा सूचीकृत कुमाल जातिको बसोबास चितवन जिल्लाको मेघौली गाविसमा पनि छ । यहाँका कुमाल जातिका आफ्नै खाले चाडपर्वहरू छन् । चाडपर्वमा गाइने लोकगीतहरूलाई पर्वगीत भनिन्छ । यस अध्ययनपत्रमा कुमाल जातिका पर्वगत लोकगीतहरूको सङ्कलन र अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

निश्चित उद्देश्यका साथ थालिएको प्रस्तुत सङ्कलन र अध्ययन निम्नलिखित समस्यामा आधारित छ -

क) लोकगीतको सैद्धान्तिक स्वरूप र वर्गीकरणगत मापदण्ड के हो ?

ख) चितवनको मेघौली गाविसका कुमाल जातिको सामाजिक सांस्कृतिक तथा पर्वगीत गायन परम्परा कस्तो छ ?

ग) मेघौली गाविसका कुमाल जातिमा प्रचलित पर्वगीतको अध्ययन कसरी गर्न सकिन्छ ?

घ) मेघौली गाविसका कुमाल जातिमा प्रचलित पर्वगीत अध्ययनको निष्कर्षगत प्राप्ति के हो ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्न लिखित उद्देश्यहरू छन् -

क) लोकगीतको सैद्धान्तिक स्वरूप र वर्गीकरणको मापदण्ड पहिचान गर्ने ।

ख) मेघौलीका कुमाल जातिको सामाजिक, सांस्कृतिक तथा पर्वगीतको प्रचलित परम्पराको अध्ययन गर्ने ।

ग) चितवनको मेघौली गाविसका कुमाल जातिमा प्रचलित पर्वगीतहरूको सङ्कलन र विश्लेषण गर्ने ।

घ) मेघौली गाविसका कुमाल जातिमा प्रचलित पर्वगीतहरूको अध्ययनको निष्कर्ष पहिल्याउने ।

## १.४ पूर्वकार्यको समीक्षा

क) श्रीमद्भगवद्गीताको चौथो अध्यायको १३औं श्लोकमा समाजका व्यक्तिहरूको गुण र तिनले गर्ने कार्यको प्रकृति अनुसार भगवान् श्रीकृष्णले समाजलाई चार वर्णमा विभाजित गरेको कुरा उल्लेख भएबाट कुमाल जातिको व्युत्पति कामको प्रकृति अनुसार धेरै अगाडि भएको बुझ्न सकिन्छ ।

ख) सोमनाथ शर्माले ***मध्य चन्द्रिका*** ( २०१७ पृ. १४४) मा कुमाल भाषाका केही क्रियायोगी अव्यय शव्दलाई पाल्पाली भाषिक भेदसंग मिल्दाजुल्दा भनी उल्लेख गरेका छन् ।

ग) दयानन्द श्रीवास्तवले ***नेपाली भाषा यसको इतिहास र विकास*** (२०१९ पृ.२२) मा कुमाले शब्दको उत्पति संस्कृतको कुम्भकार शब्दबाट कुहार हुँदै कुमाले बनेको हो भन्ने तथ्य प्रस्तुत गरेका छन् ।

घ) डोरबहादुर विष्टले ***सबै जातको फुलबारी*** (२०३० पृ.१३०) मा कुमालहरू प्रायः कालो वर्ण, मझौला कद र मङ्गोलियन आकृतिका हुन्छन् । आकारमा यिनीहरू माझी बोटे र थारूसँग मिल्दाजुल्दा देखिन्छन् । त्यस्तैगरी स्वभावमा मगर जाति जस्तै सिधासाधा र परिश्रमी हुन्छन् भनेर लेखेका छन् ।

ङ) बालकृष्ण पोखेलले ***राष्ट्रभाषा*** (२०३१ पृ.८८) मा कुमाल जातिलाई आर्य भाषा अन्तर्गत अर्ध मागधी वर्गमा राखेर चर्चा गरेका छन् ।

च) हीरामणि शर्मा पौड्यालले ***कुमाल भाषाको अध्ययन*** (२०४३ पृ.७-१२१) मा कुमाल जातिको परिचय, सामाजिक सांस्कृतिक अवस्था, कुमाल भाषा र अन्य केही आर्य भाषासँग यसको भाषिक सर्म्पक र कुमाल भाषाको व्याकरणात्मक स्वरूपका बारेमा विस्तृत चर्चा गरेका छन् ।

छ) द्वारिका नेपालले ***चितवन जिल्लाका कुमाल जातिमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण*** त्रि. वि. वि. अ.प्र. अध्ययनपत्र (२०६०) मा कुमाल जातिका बारेमा संक्षिप्त चर्चा गरेका छन् ।

ज) रामसिंह कुमालले ***पश्चिम चितवनका कुमाल जातिको सामाजिक भाषिक अवस्था*** (२०६५) शीर्षकको शोधपत्रमा कुमाल जातिका बारेमा चर्चा गरेका छन् ।

झ) विज्ञान कुमाल र गणेश कुमालले ***गोरखापत्र*** (२०६६ साउन ६ पृ.९) मा कुमाल राष्ट्रिय मुक्ति मोर्चाले सभामुख समक्ष ज्ञापनपत्र बुझाए भन्ने शीर्षकमा कुमाल भाषाको लेख प्रकाशित गरेका छन् ।

ञ) विज्ञान कुमाल र गणेश कुमालले ***गोरखापत्र*** (२०६६ साउन १३ पृ.८) मा धादिङ रेडियोमा कुमाल भाषाको कार्यक्रम भन्ने शीर्षकमा कुमाल भाषाको लेख तथा सोही पृष्ठको कुमाल भाषाको नेपाली अर्थ भन्ने शीर्षकमा केही कुमाल भाषाका शब्द र तिनीहरूको नेपाली अर्थ वर्णानुक्रम अनुसार प्रस्तुत गरेका छन् ।

ट) विज्ञान कुमाल र गणेश कुमालले ***गोरखापत्र*** (२०६६ कार्तिक ५ पृ.८) मा कुमाल राष्ट्रिय मुक्तिमोर्चाको सम्मेलन सफल भन्ने शीर्षकमा कुमाल भाषाको एउटा लेख प्रकाशित गरेका छन् ।

ठ) विज्ञान कुमाल र गणेश कुमालले ***गोरखापत्र*** (२०६६ पुष २० पृ.९) मा कुमाल समाज फेर्नका लागि शिक्षा चाहिन्छ भन्ने शीर्षकमा कुमाल भाषाको लेख प्रकाशित गरेका छन् ।

ड) विज्ञान कुमाल र गणेश कुमालले ***गोरखापत्र*** (२०६७ जेष्ठ २७ पृ.८) मा संघीय लोकतान्त्रिक गणतन्त्रमा कुमाल स्वायत्त क्षेत्र भन्ने शीर्षकमा कुमाल भाषाको लेख प्रकाशित गरेका छन् ।

ढ) विज्ञान कुमाल र गणेश कुमालले ***गोरखापत्र*** २०६७ साउन १३ पृ.९) मा कुमाल जातिका शिक्षा र समावेशीकरण बारेमा चर्चा गरेका छन् ।

ण) विज्ञान कुमाल र गणेश कुमालले ***गोरखापत्र*** (२०६७ भदौ १३ पृ.८) मा संघीयता राज्यको पुनः संरचना भन्ने शीर्षकमा कुमाल भाषाको लेख प्रकाशित गरेका छन् ।

त) विज्ञान कुमाल र गणेश कुमालले ***गोरखापत्र*** (२०६७ भदौ १७ पृ.९) मा कुमाल जातिको बारेमा केही लेख एवं तथ्याङ्क प्रस्तुत गरेका छन् ।

थ) विज्ञान कुमाल र गणेश कुमालले ***गोरखापत्र*** (२०६७ भदौ २७ पृ.९) मा कुमाल जातिको पेसा, व्यवसाय र आदिवासी महिलाको अधिकारका बारेमा चर्चा गरेका छन् ।

उपर्युक्त विवरणले कुमाल जातिका कतिपय तथ्यहरूलाई प्रकाशमा ल्याएको छ । तर चितवन जिल्लाको मेघौली गाविसका कुमाल सामाजमा प्रचलित पर्वगीतहरूका बारेमा भने खोज, अध्ययन, अनुसन्धान भएको छैन । प्रस्तुत अध्ययन यही अभाव पूर्ति र अध्ययनको शीर्षकसँग सम्बद्ध समस्या समाधानमा केन्द्रित छ ।

## १.५ अध्ययनको औचित्य

नेपाल बहुजाति, बहुभाषी तथा बहु सँस्कृतियुक्त राष्ट्र हो । आवश्यक संरक्षणको अभावमा अल्पसंख्यक जाति एवं जनजातिका भाषा, सँस्कृतिहरू ह्रासोन्मुख अवस्थामा छन् । कुमाल जातिको नयाँ पुस्ताले त आफ्नो मातृभाषा समेत बिर्सिसकेको अवस्था छ । चितवन जिल्लाको मेघौली गाविसका कुमाल जातिमा पनि यो समस्या छ । मेघौलीका कुमाल जातिमा प्रचलित पर्वगीतमा केन्द्रित यस अध्ययनबाट भविष्यमा यसप्रति रूचि राख्नेहरूका लागि शैक्षिक सामग्रीको काममा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । साथै सङ्कलित गीतका माध्यमबाट राष्ट्रिय लोकसम्पदाहरूको संरक्षण र तिनकाबारेमा गहन अध्ययनका लागि समेत यसबाट सघाउ पुग्ने हुँदा प्रस्तुत अध्ययनको औचित्य पुष्टि हुन्छ ।

## १.६ अध्ययनको सीमाङ्कन

**चितवनको मेघौली गाविसका कुमाल जातिमा प्रचलित पर्वगीतहरूको अध्ययनमा** केन्द्रित रहेको यस अध्ययनको सीमाक्षेत्रलाई तपसिलका बुँदामा निश्चित गरिएको छ -

क) प्रस्तुत अध्ययनको क्षेत्र चितवनको मेघौली गाविस सीमाङ्कित छ ।

ख) यो मेघौली गाविसका कुमाल समाजमा प्रचलित पर्वगीतहरूको सङ्कलन र अध्ययनमा सीमित छ ।

## १.७ सामग्री सङ्कलन

प्रस्तुत अध्ययनपत्रमा प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका निमित्त स्थलगत सङ्कलन-अध्ययन गरिएको छ । मेघौली गाविसका विभिन्न वडाहरूमा गई त्यहाँका कुमालहरूसँग मौखिक तथा लिखित प्रश्नोत्तरका साथै उनीहरूका वर्षभरी मनाइने चाडपर्वहरूमा गाइने पर्वगीतहरू सङ्कलन गरिएको छ ।

सैद्धान्तिक ज्ञानका लागि शोध विषयसँग सम्वन्धित विभिन्न पुस्तक, पत्रपत्रिका तथा सन्दर्भसामग्रीको सङ्कलन अध्ययन गरिएको छ । चितवन जिविस तथा मेघौली गाविसबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

## १.८ अध्ययनविधि

प्रस्तुत अध्ययनपत्रमा मुख्य रूपमा स्थलगत अध्ययनविधिलाई अवलम्वन गरिएको छ । सामग्री सङ्कलनको कार्य सकिएपछि पुस्तकालय विधिको प्रयोग गरी आवश्यक पुस्तक पत्रपत्रिका एवं सान्दर्भिक शोधपत्रहरूको अध्ययन गरिएको छ । स्रोतव्यक्तिहरूसँग भेटघाट, अन्तरवार्ता र तथ्य सङ्कलनलाई पनि अध्ययनको विधि बनाइएको छ । सङ्कलित पर्वगीतहरूको प्रस्तुति ढाँचालाईसमेत अध्ययनको विधि बनाइएको छ ।

## १.९ अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रको सङ्गठनलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका निमित्त निम्नलिखित परिच्छेद व्यवस्था गरिएको छ -

क) **पहिलो परिच्छेद**

यस परिच्छेदमा **अध्ययनपत्रको परिचय** प्रस्तुत गरिएको छ । यसमा अध्ययन शीर्षक, अध्ययन परिचय, अध्ययन प्रयोजन, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन, सामग्रीसङ्कलन तथा अध्ययन विधि र अध्ययनपत्रको रूपरेखा शीर्षकहरू रहेका छन् ।

ख) **दोस्रो परिच्छेद**

यस परिच्छेदमा **लोकगीतको सैद्धान्तिक स्वरूप र वर्गीकरण** समावेश गरिएको छ । यसमा लोकगीत, लोकगीतको परिभाषा, लोकगीतका विशेषता, लोकगीतका तत्वहरू, लोकगीतको वर्गीकरण र निष्कर्ष शीर्षकहरू छन् ।

ग) **तेस्रो परिच्छेद**

यस परिच्छेदमा मेघौली गाविसका कुमाल जातिको सामाजिक, सांस्कृतिक तथा पर्वगीत गायन परम्पराको अध्ययन समावेश छ ।

घ) **चौथो परिच्छेद**

यस परिच्छेदमा चितवनको मेघौली गाविसका कुमाल जातिमा प्रचलित पर्वगीतहरूको अध्ययन शीर्षक रहेको छ । यसमा सङ्कलित पर्वगीतहरूलाई लोकगीतका तत्त्व तथा तीनका प्रस्तुति ढाँचाका आधारमा अध्ययन गरिएको छ ।

ङ) **पाँचौं परिच्छेद**

यस परिच्छेदमा **अध्ययनको उपसंहार तथा निष्कर्ष** शीर्षक रहेको छ ।

अन्तमा परिशिष्ट र सन्दर्भ सामग्री सूची समावेश गरिएको छ । परिशिष्ट अन्तर्गत कुमाल भाषाका सङ्कलित शब्दहरूको नेपाली अर्थलाई वर्णानुक्रम अनुसार प्रस्तुत गरिएको छ । यसमा चितवन जिल्ला र मेघौली गाविसको नक्सा समावेश गरिएको छ । यसै गरी सन्दर्भग्रन्थ सूचीमा वर्णानुक्रमानुसार पुस्तक र पत्रपत्रिका समावेश गरी यो अध्ययनपत्रलाई सर्वाङ्ग रूपले पूर्णता प्रदान गरिएको छ ।

दोस्रो परिच्छेद

# लोकगीतको सैद्धान्तिक स्वरूप र वर्गीकरण

दोस्रो परिच्छेद

# लोकगीतको सैद्धान्तिक स्वरूप र वर्गीकरण

## २.१ लोकगीत

लोकगीत 'लोक' र 'गीत' शब्दबाट निर्मित भएको हो । जसअन्तर्गत लोक शब्दको अर्थ प्राचीन कालदेखि विभिन्न रूपमा वहन हुँदै आएको पाइन्छ । संस्कृत व्याकरणअनुसार लोकृ धातुमा धञ (अ) प्रत्यय लागेर बनेको लोक शब्दको अर्थ हेर्नु भन्ने हुन्छ ।[1] अर्थ विस्तार हुँदै जाँदा जन शब्दको पर्यायवाची शब्दका रूपमा प्रयोग भएको लोक शब्दले स्थान र अवस्थालाई सङ्केत गरेको पाइन्छ । यसबाहेक समयक्रममा लोकशब्दको प्रयोग वेदभिन्न भन्ने रूढ अर्थ लिई विपरीतार्थी शब्दका रूपमा पनि प्रयोग भएको देखिन्छ । जसबाट वेदसम्बन्धी ग्रन्थलाई वैदिक साहित्य र त्यसभन्दा भिन्न उत्तरवैदिक कालीन ग्रन्थहरूलाई लौकिक साहित्यका रूपमा बुझाएको पाइन्छ । यसरी लोक शब्द प्रारम्भदेखि स्थान र जीव दुवै अर्थमा व्यवहृत हुँदै आएको छ । जीवका सन्दर्भमा यसले जन, जनसाधारण वा जनसामान्य भन्ने बुझाउँछ । जसको सामान्य अर्थ सभ्यताबाट टाढा रहने पूरानो जाति वा ग्रामीण जगत भन्ने हुन्छ ।[2] गीत शब्द 'गै' धातुमा 'क्त' प्रत्यय लागेर बनेको हो जसको अर्थ गाउनु वा अलाप्नु भन्ने हुन्छ ।[3] गीत अङ्ग्रेजी शब्द 'लिरिक' को समानार्थी शब्दका रूपमा रहे तापनि अङ्ग्रेजी फोक सङ्गको पर्यावाची शब्दका रूपमा लोकगीत रहेको छ । लोकगीत लयात्मक अभिव्यक्ति हो । लोकगीतलाई अरूबाट छुट्याउने मुख्य आधार लयनै हो ।[4]

लोक लयात्मक गेय तत्त्वले युक्त विधा विशेषलाई लोकगीत भनिन्छ । यसर्थ लोकगीतको शाब्दिक अर्थ लोकमानस वा जनसामान्य ग्रामीण नरनारीले आदि अनादि कालदेखि गाउँदै आएका भाषिक उद्गार भन्ने बुझिन्छ । लोकगीतमा सरलता, सरसता,

---

[1] **पराजुली, कृष्णप्रसाद,** ***नेपाली लोकगीतको आलोक,*** (वीणा प्रकाशन, काठमान्डौ, २०५७) पृष्ठ १८) ।

[2] **पराजुली, कृष्णप्रसाद,** ***नेपाली लोकगीतको आलोक,*** (वीणा प्रकाशन, काठमान्डौ, २०५७) पृष्ठ ४६) ।

[3] **पराजुली, कृष्णप्रसाद,** ***नेपाली लोकगीतको आलोक,*** (वीणा प्रकाशन, काठमान्डौ, २०५७) पृष्ठ ४६) ।

[4] **बन्धु, चूडामणि** ***नेपाली लोकसाहित्य,*** (एकता बुक्स थापाथली काठमान्डौ २०५८ पृष्ठ ११५) ।

स्वतःस्फूर्तता, स्वच्छन्दता, गेयात्मकताजस्ता गुणहरूले गर्दा यसको प्रभाव र लोकप्रियता उच्च रहन पुगेको छ । लोकगीतलाई चिनाउने क्रममा कतिपय विद्वान्हरूले जनगीत, ग्रामगीत पनि भन्ने गरेको पाइन्छ । जे होस् लोकगीतलाई विभिन्न नामले चिनाउने प्रयास गरिए पनि लोकसमाजमा प्रचलित गेयात्मक अभिव्यक्तिको लयात्मक प्रस्तुतिलाई लोकगीत भनिन्छ ।

## २.२ लोकगीतको परिभाषा

सृष्टिको प्रारम्भदेखि नै प्रकृतिको प्रेरणाबाट उत्प्रेरित भएर मानवीय मनमा उत्पन्न अनुभूति र तरङ्गलाई बेरोकटोक रूपमा गीतमय अभिव्यक्ति दिने प्रयत्नस्वरूप लोकगीतको जन्म भएका हो । छोटो रूपमा उत्पन्न भावना वा उद्भाषित कल्पनालाई गेयात्मक स्वरूपमा प्रस्तुत गर्ने भाषिक अभिव्यक्ति लोकगीतले झरनाहरूको छङछङ, कुलेसाहरूको कलकल र चराहरूको चिरबिरजस्ता प्राकृतिक लयसँग सादृश्यता राख्दछ र तिनै प्राकृतिक धुनले मनमा पारेको प्रभावस्वरूप भाषिक अभिव्यक्तिलाई सोही साँचो र कोमलतामा ढाल्ने प्रयासस्वरूप लोकगीतले आफ्नो श्रेष्ठता कायम गरेको छ । स्वतःस्फूर्त मौखिक अभिव्यक्ति प्रवाहबाट निर्मित लोकसाहित्यको मूल वा समृद्ध विधाका रूपमा स्थापित लोकगीत जीवन भोगाइका क्रममा मानिसले प्राप्त गरेका अनुभव र विचारहरूको पुञ्ज हो । लोकअनुभूति, लोकविश्वास, श्रद्धा , परम्परा आदिको जीवन्त चित्रण लोकगीतमा सफलतम रूपमा रहन्छ । स्थानीयताको रङ्गलाई चहकिलो पारामा चिनाएको हुन्छ । व्यक्त भावनामा सामाजिकता छर्लङ्गिएको हुन्छ । फलस्वरूप रचना व्यक्ति विशेषले गरेको भए तापनि समाजका सदस्यहरूले आफ्नै सम्झेर अलाप्न पुग्छन् । अन्ततः लोकगीतको सर्जक अज्ञात बन्न पुग्छ । प्रस्तुतिमा प्रभावकारिता र शैली चित्ताकर्षक रहने हुँदा लोकगीतको आयाम अद्वितीय छ । लोकगीत सरल र सहज भोगाई तथा अभ्यासको परिणति हो । लोकव्यवहारमा नै आइपर्ने आपत्-विपत् अप्ठ्यारा, जटिलता, आँसु, हाँसो, रोदन, पीडा, छटपटी, जलन, तृष्णा, मुर्छना, विरह, व्यथा, उमङ्ग, श्रद्धा आदि पक्षको सहज प्रस्फुटन लोकगीतमा हुन्छ ।[5] आफ्नोपनलाई चिनाउँदै जातीय र सामाजिक एकताको गाँठोलाई कसिलो तुल्याउँछ । लोकगीतले शास्त्रीय वा पाठ्य साहित्यको रसास्वादनबाट विमुख रहेका लोकजनहरू प्रसादगुणले युक्त लोकगीतको प्रथम श्रवणमै चरम आनन्द र तृप्तिको महसुस गर्दछन् । यसमा निहित सरलता र चरम साङ्गीतिकताका कारण लोकसाहित्यको उन्नत विधा बन्न पुगेको छ । लोकगीतलाई लोकसहित्यको सबैभन्दा प्राचीन विधा मानिन्छ । लोकगीतको थालनी वेदभन्दा

---

[5] **बन्धु, चूडामणि** ***नेपाली लोकसाहित्य*** (एकता बुक्स थापाथली काठमान्डौ, २०५८) पृष्ठ ११५ ।

पनि अगाडि भएको अनुमान छ ।[6] मानवीय संवेदनालाई चट्ट पगाल्ने मानवसभ्यताका हरेक चरणसँगै अविरल गतिशील र उत्तिकै परिवर्तनशील लोकगीतलाई एक निश्चित परिभाषाभित्र समेट्न खोज्नु कठिन कार्य हो । यद्यपि यसलाई चिनाउने क्रममा विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले लोकगीतलाई परिभाषित गरेका छन् । ती परिभाषाहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ -

लोकगीतमा समूहले आफ्ना सामान्य भावावेगको अभिव्यक्त गर्छ र सामुदायिक परिश्रमको भारलाई हलुका पार्छ । **– द न्यु इन्साइक्लोपेडिया ब्रिटानिका**

लोकगीत स्वतः सिर्जित हुन्छ । **– ग्रिम**

लोकगीत न त नयाँ हुन्छ, न पूरानो । त्यो त जङ्गलको एउटा रूखजस्तै हो, जसका जराहरू भूतकालका गहिराइमा धसिएका छन् । तर जसमा निरन्तर नयाँ-नयाँ हाँगा, पात र फलहरू उत्पन्न हुन्छन् । **– राल्फ भि. विलियम्स**

लोकगीत भनेको जीवनका आदिम स्रोत हुन् । **– कालीभक्त पन्त**

आदिम उल्लासमय सङ्गीतलाई नै लोकगीत भनिन्छ । **- पेर्सी**

लोकसहित्यरूपी पारिजातमा कुसुमित फूलको वरदान भनौं प्रचुर गुदी भएको स्वादिलो, मधुरो र रसिलो फल हो लोकगीत । **– पूर्णप्रकाश नेपाल 'यात्री'**

लोकसंस्कृति लोकविश्वास एवम् लोक परम्पराको रक्षा र निर्वाह गर्दै लोकजीवनले आफ्नो रागात्मक प्रवृत्तिहरूलाई स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति जुन माध्यमबाट गर्दछ, उसलाई लोकगीत भनिन्छ । **– कुन्दनलाल उप्रेती**

लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो जुन मातृभाषाका नाताले समाजमा नैसर्गिक रूपले सुख-दुःखका अभावमा दया, माया, प्रेमभाव अभिव्यक्त हुंदा स्वयमेव उद्गारको रूपमा निस्केर लयदार तरजमा काव्यमयी शैली भै सृजना हुन्छन् । **– सत्य मोहन जोशी**

लोकगीत प्राकृत तथा अनुभूत भावनाहरूका उद्वेगको तीव्रतम अनुभूति हो, जो साँच्चै सामूहिक र तिख्खर लयप्रधान हुन्छ । **– जनकविकेसरी धर्मराज थापा**

आफ्नो व्याथा पोख्ने साधन र जागृति गराउने माध्यम लोकगीत हो । **- लोककवि अलि मिया**

लोकहृदयका उर्वर फाँटमा अनुभूतिका अन्नबालीहरूको फैलावटमा जब प्रकृति र समाजको विकराल ताडना हुन्छ वा प्राकृतिक वस्तुको स्वभावजन्य मिलन वा प्राप्ति हुन्छ, त्यहाँ लोकहृदयमा एउटा प्रतिक्रिया जन्मन्छ । त्यो प्रतिक्रिया लोककविहरूले पारसमणिले झैं

---

[6] **शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद** ***लोकवार्ता विज्ञान र लोकसाहित्य*** (विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, काठमान्डौ-२०६३) पृष्ठ ७३ ।

सुन्दर र कोमल बनाउँदै त्यसको स्वरूप बदलिदिन्छन् । यही भाव बदल्ने लोकलयात्मक कलालाई हामी लोकगीत भन्ने गर्दछौं ।[7]

वसन्तको हरियालीमा, चैते हुरीमा, जेठको खडेरीमा, दिनभरको थकाइमा डम्फू, मादल, भ्याली, करताल, खैजरी, मुजुरा, मुर्चुङ्गा, वाँसुरीको रन्कोमा रोदीघरबाट एक डाँडालाई पटु पारी कुलकुलाई रहेको खोलानालाको अविरल सहेलिँदै गएका सुरिला मधुर कण्ठबाट च्याङ्वा र चाङवो, साहिँला र साहिँलीका हृदय फुटेर आएका सङ्गीतमय उद्गारलाई हामीले लोकगीत भन्दछौं ।[8] सामयिकताको प्रसङ्गमा वा आफ्नै भावुकतावस उद्गारित होस् स्वच्छ र सहज आत्माबाट प्रस्फुटन कुनै पनि लाकको लय लोकगीत हो ।[9] लोकगीत नदीको प्रवाहजस्तै हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ तर ग्रामीण समाजलाई मात्र प्रवाहित नगरी समग्र मानवसमाजलाई शीतलता दिने काम गरिरहन्छ ।[10] लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो ।[11] उल्लिखित लोकगीतसम्बन्धी दिइएका विचार वा धारणाहरूबाट के प्रष्ट हुन्छ भने लोकगीत लोकअनुभवकै स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । मानवहृदयका भावहरूलाई यसले सरल रूपमा अभिव्यक्त गर्दछ । समाजमा प्रचलित विश्वास, संस्कार, आदर्श, नीति, नियमहरूको अभिव्यक्ति लोकगीतमा रहन्छ । यसो हुनाले ती कुराहरूको जगेर्ना गर्ने काम लोकगीतले गरेको हुन्छ । लोकगीतमा लोकजीवनमा वा ग्रामीण परिवेशमा घटित हुने वा समयक्रममा हुने कार्यहरूसँगै साङ्गीतिक उल्लासयुक्त वातावरणको निर्माण गरी मधुर र सुरिलो स्वरलहरीमार्फत् मानवीय मनका अन्तर्तहका अभिव्यक्तिहरू व्यञ्जित हुन्छन् । यसो हुँदा लोकगीतको उद्भव स्थल ग्रामीण परिवेश हो तर यसको प्रभाव समग्र मानव समाजमा रहन्छ । कल्पनाजन्य अनुभूति, छोटो प्रस्तुति जसलाई प्रभावकारी अभिव्यक्ति दिइन्छ त्यो लोकगीत हो । अथवा सुख-दुःख, हाँसो-आँसु, घात-प्रतिघात, उकाली-ओरालीबाट उद्वेतिल भएर लयात्मक अभिव्यक्तिमार्फत प्रस्फुटन हुने भाव नै लोकगीत हो ।

---

[7] **पराजुली ,मोतीलाल,** ***नेपाली लोकगाथा,*** ( तारादेवी पराजुली, पोखरा २०४९) पृ. १० ।

[8] **लोहनी, लक्ष्मण,** ***रोधीघर,*** (रत्न पुस्तक भण्डार, काठमान्डौं २०१३) पृ. ८ ।

[9] **थापा र सुवेदी,** ***लोकसाहित्यको विवेचना,*** (पा.वि.के. त्रि.वि., काठमान्डौं २०४१) पृ.४६-४७ ।

[10] **पराजुली कृष्णप्रसाद,** *पूर्ववत्,* पृ. ४३ ।

[11] **बन्धु, चूडामणि,** ***नेपाली लोकसाहित्य,*** (एकता वुक्स, काठमाडौं २०५०) पृ. ११५ ।

## २.३ लोकगीतका विशेषताहरू

लोकगीत लोकसाहित्यका सबैभन्दा व्यापक र सर्वाधिक लोकप्रिय विधा हो । यो लोकको हरेक पक्ष र अवसरसम्म व्याप्त हुन्छ । कुनै पनि यस्तो समुदाय, राष्ट्र वा व्यक्ति छैन, जो लोकगीतबाट प्रभावित नभैकन रहेको होस् । लोकसाहित्यको अन्य विधाहरू जस्तै लोकगीतलाई पहिचान गराउने छुट्टै विशेषता यसले अँगालेको हुन्छ । जसका कारण एउटा छुट्टै विधाका रूपमा लोकगीत रहेको छ । एउटा सिङ्गो लोकसाहित्यरूपी वृक्षको मूल हाँगो लोकगीत बनेको छ । लोकगीतको अध्ययन गर्ने क्रममा धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतका बारेमा विस्तृत चर्चा गर्दै निम्नलिखित ६ वटा बुँदामा लोकगीतका विशेषता प्रस्तुत गरेका छन् -

(क) गतिमा तीव्रता हुनु ।

(ख) रस, सरस र प्रभाविलो अभिव्यक्ति तथा शब्दविन्यास हुनु ।

(ग) सार्वजनिक मौलिक संवेग पाइनु ।

(घ) सूक्ष्म विश्लेषणको अपेक्षा, प्रभावोत्पादक र स्थूल चित्रण हुनु ।

(ङ) कृत्रिमता नहुनु ।

(च) स्थानीयता र समसामयिकताको प्रभाव पाइनु ।[12]

कृष्णप्रसाद पराजुलीले लोकगीतका विशेषतालाई निम्न ७ वटा बुँदामा प्रस्तुत गरी तिनको व्याख्या गरेका छन् ।[13] ती हुन् :

क) अज्ञात रचयिता

ख) सामूहिक भावभूमि

ग) सहजता र स्वभाविकता

घ) मौखिक परम्परा

ङ) मौलिकता र सरलता

च) कथन विविधता

छ) स्वच्छन्दता

त्यस्तै अर्का विद्वान् चूडामणि बन्धुले लोकगीतका विशेषताका रूपमा रागात्मक, स्वतःस्फूर्त अभिव्यक्ति, हस्तान्तरीयता, मौलिकता र लयात्मक अभिव्यक्तिका बारेमा चर्चा गर्दै लयलाई विशिष्ट विशेषता भनेका छन् ।[14]

---

[12] थापा, धर्मराज र सुवेदी, हंसपुरे, *पूर्ववत्,* पृ. ८२ ।

[13] पराजुली, कृष्णप्रसाद, *पूर्ववत्,* पृ. १३८ - १४१ ।

[14] बन्धु, चूडामणि, *पूर्ववत्,* पृ. ११५ ।

प्रस्तुत गरिएका विद्वान्हरूले प्रस्तुत गरेका लोकगीतका विशेषताहरूको अध्ययन गर्दा तिनमा समग्र रूपमा लोकगीतका विशेषताहरू समेटिन सकेका छैनन् । थापा र सुवेदीले लोकगीतका अज्ञात रचयिता हुने, चरण वा अन्तरको पुनरावृत्ति हुने, प्रश्नोत्तरात्मक अभिव्यक्ति हुनेजस्ता विशेषताहरू समेटेका छैनन् । पराजुलीले यसको मुख्य चिनारीको आधार लयलाई नै छुटाएका छन् । यसप्रकार यहाँ लोकगीतका सम्पूर्ण विशेषताहरू समेट्ने गरी बुँदागत रूपमा निम्नानुसार चर्चा गरिएको छ -

(१) **अज्ञात रचयिता :** लोकगीत व्यक्तिद्वारा रचित हुन्छ तर कुन कलाकारले कहिले गाएको हो ? भन्ने थाहा हुँदैन । समयको निरन्तर प्रवाहमा प्रवाहित हुँदै जाँदा लोकगीत जसले जहाँ गाए पनि सर्जक गौण बन्छ ।

(२) **मौखिक र मौलिक रचना :** परम्परादेखि मौखिक रूपमा प्रस्तुत हुँदै आएका लोकगीतहरू सामाजिक जनजीवनका विभिन्न अनुभूति, विचार र चिन्तनहरू निजी शैलीमा व्यक्त हुन्छन् । स्वतःस्फूर्त सिर्जित हुन्छन् ।

(३) **लयात्मकता र सङ्गीतात्मकता :** लोकगीत लयात्मक अभिव्यक्ति हो । लय यसको आत्मा हो । लोकगीतहरू निश्चित गति, यति र आलापको माध्यमबाट आ-आफ्नै किसिमको लय भाकामा सिर्जित हुन्छन् । लय हुने हुँदा नै लोकगीत गाइन्छ र गाउने हुँदा सङ्गीत उत्पन्न हुन्छ । बाह्य सङ्गीतका रूपमा विभिन्न लोकबाजाहरूको समावेश पनि गरिन्छ ।

(४) **चरण वा अन्तराको पुनरावृत्ति :** लोकगीतमा श्रुतिमधुरता ल्याउने र मनोरञ्जकता थप्ने काम चरणले गरेको हुन्छ । यद्यपि शिष्टगीत झैँ लोकगीत शृङ्खलित नहुन सक्छ । त्यसो हुँदा एउटै आशय आउने कुराको पुनरावृति हुन सक्छ ।

(५) **सरल, सहज र स्वच्छन्द अभिव्यक्ति :** आफ्नै जीवन भोगाइमा आधारित लोकगीत सजिलै बुझ्न सकिने हुन्छन् । प्राकृतिक शैलीको प्रयोग लोकगीतमा रहन्छ । प्राकृतिक लोकमानसको अभिव्यक्ति हुने, गाउँदा मात्रालाई आलापद्वारा लामो पार्ने, उच्चारण छिटो गरी तुक मिलाउने, कतिपय अवस्थामा तुक नै नमिलाई पनि गाउने गरिन्छ ।

(६) **सामूहिक भावभूमि :** लोकगीत जसले गाए पनि त्यसमा निहीत उत्साह र पीडाका स्वर समूहकै स्वर बन्न पुग्छन् । लोकगीतको विषय समाजको साझा विषय बनेको हुन्छ । व्यक्त मर्म र भावना नौलो र अर्काको ठानिने हुँदैन ।

(७) **कथनमा विविधता :** लोकगीतका अनेक लय र कथनकला रहेका छन् । एउटै गीतलाई पनि विभिन्न लयमा गाउने गरिन्छ । प्रश्नोत्तर, मुक्त अभिव्यक्ति आदि भिन्न शैलीमा लोकगीत प्रस्तुत गर्न सकिन्छ ।

(८) **स्थानीयता वा लोकसंस्कृतिको चित्रण :** लोकगीतमा लोकसंस्कृतिको प्रतिविम्बन रहन्छ । विविध चाडपर्व, मेलाजात्रा, संस्कार, अनुष्ठानमा त्यसै संस्कृतिअनुरूपका लोकगीतहरू रहेका हुन्छन् । त्यस्तै स्थानीय रहनसहनको छाप लोकगीतमा परेको हुन्छ ।

(९) **रागात्मकता :** लोकगीतमा रागात्मकता हुन्छ । मानव हृदयमा रहेका प्रेम, करूणा, आशा, निराशा, हर्ष, पीडा आदिको अभिव्यक्ति लोकगीतमा हुन्छ । यस्ता अभिव्यक्तिहरूले गीत सुन्ने र गाउनेहरूको हृदयलाई रसमय बनाउँछन् । मानिसलाई भावनात्मक गहिराइसम्म पुऱ्याएर गाऔँ गाऔँ र सुनौँ सुनौँ बनाउँछ ।

(१०) **परिवर्तनशीलता :** लोकगीत मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने र लिखित रूप नहुने हुनाले समयको अन्तरालमा परिवर्तन हुँदै जान्छन् । लय, शब्द कथ्य रूपमा नयाँपन देखापर्ने हुनाले यसमा परिवर्तनशीलता रहन्छ ।

(११) **उपदेशात्मकता :** लोकगीतले नीति नियम सिकाउने, लोक व्यवहारका विषयलाई अनुसरण गर्ने, मानवीय आचरणको ख्याल गर्नुपर्ने र बाटो बिराएकालाई अर्ति-उपदेश दिने काम गर्दछ ।

(१२) **सङ्क्षिप्तता र सारगर्भितता :** लोकगीतमा भन्न खोजिएको कुरालाई घुमाई फिराई नभनी सिधै भनिएको हुन्छ । लोकसंस्कृतिका चलन र वर्णनात्मक रूपमा प्रस्तुत भएका कुराहरू छोटो र खदिलो रूपमा व्यक्त भएका हुन्छन् ।

## २.४ लोकगीतका तत्त्वहरू

लोकगीतको संरचना विभिन्न तत्त्वहरूको संयोगबाट हुन्छ । यसमा आन्तरिक र वाह्य दुवै संरचना हुन्छ । बाह्य संरचना गीतको आवरण भएकोले वर्णदेखि सङ्कथनसम्म पुगेको हुन्छ । आन्तरिक संरचनामा चाहिँ मुख्य भावको शृङ्खलाबद्ध सुसंयोजन रहन्छ ।

लोकगीतका तत्त्वहरूका बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नै मतहरू प्रस्तुत गरेका छन् । कृष्णप्रसाद पराजुलीले लोकगीतका ६ वटा तत्त्वहरू रहेको मत व्यक्त गरेका छन् । 15

| | | | | | |
|---|---|---|---|---|---|
| (१) | संरचना | (२) | गेयता | (३) | लय |
| (४) | कथन पद्धति | (५) | भाषा | (६) | भाव |

चूडामणि बन्धुले लोकगीतको संरचनामा निम्न ६ वटा तत्त्वहरूको चर्चा गरेका छन्-[16]

[15] **पराजुली ,कृष्णप्रसाद,** *पूर्ववत्,* पृ. ७६ ।

| | | | | | |
|---|---|---|---|---|---|
| (१) | कथ्य | (२) | भाषा | (३) | चरण वा पद |
| (४) | स्थायी वा अन्तरा | (५) | रहनी, वथन र थेगो | (६) | लय/भाका |

लोकगीतको तत्त्वहरूको विश्लेषण गर्ने क्रममा गोविन्द आचार्यले लोकगीतका तत्त्वहरूलाई अनिवार्य र ऐच्छिक तत्त्वको रूपमा निम्नानुसार वर्गीकृत गरेका छन् - [17]

(१) अनिवार्य तत्त्व : (क) भाषा (ख) सङ्गीतात्मकता
(ग) गायक-गायिका (घ) कथ्य/भाव

(२) ऐच्छिक तत्त्व : (क) काव्यात्मकता (ख) रहनी वा थेगो
(ग) निरर्थक अंश (घ) फाँकी,
(ङ) स्थायी/अन्तरा (च) बाद्य
(छ) नृत्य (ज) अभिनय
(झ) पहिरन
(ञ) श्रोता वा दर्शक

प्रस्तुत गरिएका लोकगीतको तत्त्वसम्बन्धी अध्ययनको विश्लेषण गर्दा कृष्णप्रसाद पराजुलीको संरचनाभित्र तत्त्वलाई समावेश गर्नुपर्ने ठाउँमा तत्त्वभित्र संरचना भनी गरेको तत्त्व विश्लेषण सान्दर्भिक देखिँदैन । बन्धुले चरण, स्थायी, रहनी र वथन तथा थोगो एउटै तत्त्वका शृङ्खलालाई भिन्न रूपमा प्रस्तुत गरेका छन् भने सङ्गीतजस्तो अनिवार्य तत्वलाई समावेश गरेका छैनन् । त्यस्तै अर्का विद्वान् गोविन्द आचार्यले गरेको तत्त्व विश्लेषण सूक्ष्म त देखिन्छ तर अनिवार्य तत्त्व सङ्गीतात्मकतामा आन्तरिक र बाह्य दुवै समेटिने हुँदा अनिवार्य रूपमा भाका वा लय राख्नु उपयुक्त हुने देखिन्छ भने ऐच्छिक तत्त्वका रूपमा रहेका रहनी वा थेगो, निरर्थक अंश र फाँकीले तत्त्वगत रूपमा एउटै कार्य गर्ने वा त्यस्ता प्रकारका शब्दले अर्थ व्यक्त नगर्ने तर कथ्यलाई प्रभावकारी बनाउँन वा लयात्मक पूर्ति गर्न आउने हुँदा छुट्टाछुट्टै विभाजन गर्नु आवश्यक देखिँदैन । यसप्रकार यहाँ भिन्न तरिकाले लोकगीतका तत्त्वहरूको बारेमा चर्चा गरिएको छ :-

(१) **अनिवार्य तत्त्व :**

(**क**) **कथ्य/भाव :** हरेक लोकगीतमा कुनै न कुनै विषय वा भाव व्यक्त भएकै हुन्छ । सामाजिक, राजनैतिक, आर्थिक, ऐतिहासिक, पौराणिक आदिमध्ये कुनै विषय वा प्रेम, करूण, शान्त, भावहरू मध्ये कुनै न कुनै भाव गीतमा अनिवार्य रूपमा आउँछ ।


---

[16] **बन्धु, चूडामणि,** ***पूर्ववत्,*** पृ. ११५ ।
[17] **आचार्य, गोविन्द,** ***लोकगीतको विश्लेषण,*** (काठमान्डौ पैरवी प्रकाशन, २०६२) पृ.३-५ ।

(ख) **भाषा :** लोकगीत अभिव्यक्तिको कला भएका नाताले भाषा अर्को अनिवार्य तत्त्वका रूपमा रहन्छ । कथ्य सरल भाषाको प्रयोग लोकगीतमा रहन्छ । झर्रा, मौलिक शब्द, निपात, थेगो वा रहनीका रमाइला बान्की यसमा रहन्छन् । यसो हुँदा लोकजीवनले पचाएको छरितो भाषाको अपेक्षा लोकगीतमा रहन्छ । सहज खालका विम्ब, प्रतीक, आलङ्कारिकता, लाक्षणिकता र व्यञ्जनात्मकता पनि लोकगीतमा रहेकै देखिन्छ ।

(ग) **लय वा भाका :** लोकगीतमा लय वा भाकालाई अनिवार्य तत्त्वका रूपमा लिइन्छ । लोकजीवनमा गीत गाउने खास शैली नै लय हो । भाव वा विचारलाई अभिव्यक्त गर्ने र गीतलाई सम्प्रेष्य बनाउने काम लयमा आबद्ध पदावलीद्वारा हुन्छ । यही लय वा भाकाले नै गीतमा आन्तरिक सङ्गीत सिर्जना गर्ने, गीतमा ध्वनिहरूको मात्रा र क्रम निर्धारण गर्ने गर्दछ ।

लोकगीतमा लय वा भाका निर्धारण गर्दा यति र गतिको संयुक्तस्वरूप सञ्चालित हुन्छ ।[18]




लोकगीतमा ध्वनिहरूको चाललाई गति भनिन्छ । गतिलाई लय भनिएको छ । गति तीन किसिमका हुन्छन् ।

(अ) **द्रुत गति/लयः** मात्राको छिटो-छिटो उच्चारण गरेर गाइने लय द्रुतगति (लय) हो ।

(आ) **मध्य गति/मध्यलयः** ठीक समय दिई उच्चारण गरेर गाइने लय मध्य लय हो ।

(इ) **विलम्बित लयः** एउटै मात्रालाई दुई/तीन मात्रा बराबरको समय दिएर गाइएमा त्यो विलम्बित लय हुन्छ । जस्तै :

हे हे धार्नीको कोदालो मेरो सालैजो धरती धसुँला
हे हे आजलाईजस्तो रमाइलो गरी सालैजो कति दिन बसुँला

लोकगीतमा मात्राहरूको अर्धविश्राम र पूर्णविरामबाट लयको निर्माण हुन्छ । समान मात्रा भएर पनि विश्राम फरक भएमा अर्को लय निर्माण हुन्छ । गतिको लयमा अक्षरहरूको मात्रा नपुगेमा ध्वनिविस्तार (आलाप) द्वारा र मात्रा बढी भएमा ध्वनिसङ्कोचद्वारा लयपूर्ति गर्ने व्यवस्था हुन्छ ।

---
18 पराजुली, मोतीलाल, *नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू,* (साझा प्रकाशन, ललितपुर २०६३) पृ. १८ ।

(घ) **सहभागी, वक्ता, चरित्र** : लोकगीतको अनिवार्य तत्व अन्तर्गत सहभागी वक्ता र चरित्र पनि पर्दछ । हरेक लोकगीतमा सम्बोध्यपात्र अर्न्तनिहित हुन्छ । सोही पात्रनै यस शीर्षकले देखाउन खोजेको चरित्र हो ।

(ङ) **स्थायी र अन्तरा** : लोकगीतमा पटक पटक दोहोरिने मूल अंशलाई स्थायी भनिन्छ । यसले गीतको भाका र लय निर्धारण गर्ने काम गर्दछ । यसलाई ध्रुवपद, टेको, रिटक पनि भनिन्छ । स्थायी पछि गाइने मूल कथ्य अन्तरा हो । यसमा २/४ वा धेरै पङ्क्ति रहन सक्छन् । गायकले भन्न खोजेको मूल विषय वस्तु यसमा रहन्छ । यसो हुँदा अन्तराले गीतलाई विस्तार गर्ने काम गर्दछ । अन्तरालाई गेडा वा चरण पनि भन्दछन् ।

(२) **ऐच्छिक तत्त्व**

(क) **गायक गायिकाः** लोकगीत श्रुति-स्मृति परम्परामा जीवित रहने हुँदा लोक गीतमा गायक-गायिका वा प्रस्तोता हुनु अनिवार्य छ । गायक गायिकाको अभाव रहँदा वर्तमानमा हिजोका संस्कार, धार्मिक गीतहरू आज विलीन भएर गैसकेको अवस्था छ । गायक गायिकाले गीतलाई एकल वा युगल रूपमा र विभिन्न कथन पद्धतिमा प्रस्तुत गर्ने गर्दछन् ।

ख) **काव्यात्मकता** : लोकगीत आयोजित नहुने हुँदा यसमा लिखित साहित्यमा जस्तो अलङ्कारिकता पाइँदैन तर पनि सहज रूपमा आउने अभिव्यक्तिहरूले काव्यात्मकता प्रदर्शित गर्दछन् ।

(ग) **रहनी वा थेगो** : लोकगीतमा उचित आयाम प्रदान गर्नका लागि, आवश्यक अंश पूरा गर्न वा गीति अनुप्रासिकता थपी कथ्यलाई सुन्दर बनाउन गीतको आदि, मध्य र अन्त्यमा आउने निरर्थक शब्दहरू नै रहनी वा थेगो हुन् । यी सबै लोकगीतमा अनिवार्य रूपमा आउँदैनन् । यस्तो शब्द गीतमा एक पटकमात्र वा पटक पटक दोहोरिएर आउन सक्छ ।

(घ) **वाद्य तत्त्व** : सबै लोकगीतमा वाद्य हुनै पर्छ भन्ने छैन तर केही लोकगीत वाद्यविना गाइँदैनन् । लोकगीतमा तालवाद्यको रूपमा मादल, डम्फु, खैजरी, ढोल, दमाहा, वासुरी, मुरली, सारङ्गी आदि वाद्ययन्त्रको प्रयोग गरिन्छ ।

(ङ) **नृत्य** : रत्यौली, तीजेजस्ता केही लोकगीतमा नृत्य अनिवार्य रूपमा आएको पाइन्छ ।

(च) **वेशभूषा** : सबै प्रकारका लोकगीत गाउँदा विशेष प्रकारको पहिरन आवश्यक नभए पनि केही लोकगीत गाउँदा विशेष पहिरनको आवश्यकता पर्दछ ।

(छ) **श्रोता तथा दर्शक :** श्रुतिपरम्परामा लोकगीत एक व्यक्तिबाट अर्को व्यक्तिमा र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने हुँदा लोकगीतमा गायक गायिका जस्तै गरी श्रोता वा दर्शक पनि हुनै पर्छ भन्ने नभए पनि सामूहिक कार्यको सम्पादनमा सामूहिक सहभागिताका रूपमा श्रोता र दर्शकहरू रहन्छन् ।


## २.५ लोकगीतको वर्गीकरण

जीवनका सुख र दुःख मुछेर गाइने लोकगीतहरू आफ्नै प्रकारका हुन्छन् । जीवनका हरेक पक्षसँग सम्बन्ध राख्ने लोकगीत सर्वाधिक सम्पन्न विधा हो । लोकसाहित्यका विद्वान्हरूले लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण गरेर अध्ययन गर्ने प्रयास गरेका छन् । तीमध्ये केही मुख्य वर्गीकरणलाई यहाँ प्रस्तुत गरिन्छ -

भारतीय विद्वान् कृष्णदेव उपाध्यायको लोकगीतको वर्गीकरण यस्तो छ - [19]

(क) संस्कारसम्बन्धी गीत
(ख) ऋतुसम्बन्धी गीत
(ग) ब्रतसम्बन्धी गीत
(घ) जातिसम्बन्धी गीत
(ङ) श्रमसम्बन्धी गीत

नेपाली विद्वान् काजीमान कन्दङ्वाले सर्वप्रथम गरेको लोकगीतको वर्गीकरण यस्तो छ- [20]




कालीभक्त पन्तले लोकगीतलाई निम्नलिखित रूपमा वर्गीकरण गरेका छन् -[21]

(क) राष्ट्रभाषास्तरीय गीत
(ख) जिल्लास्तरीय गीत
(ग) ग्रामस्तरीय गीत
(घ) जातिस्तरीय गीत
(ङ) जनजातिस्तरीय गीत
(च) पर्वस्तरीय गीत
(छ) लोकनाट्यस्तरीय गीत
(ज) कर्मस्तरीय गीत
(झ) ऋतुस्तरीय गीत

त्यस्तै अर्का विद्वान्द्वय धर्मराज थापा र हंसपुरे सुवेदीको वर्गीकरण यस्तो छ -[22]

(क) सामान्य गीत

---

[19] **उपाध्याय, कृष्णदेव,** ***लोकसाहित्यकी भूमिका,*** (साहित्य भवन प्रा.लि. वाराणसी १९६८) पृ. ६३ ।

[20] **कन्दङ्वा, काजीमान,** ***नेपाली जनसाहित्य,*** ( रोयल नेपाल एकेडेमी काठमाण्डौ २०२०) पृ. ९ ।

[21] **पन्त, कालीभक्त,** ***हाम्रो सांस्कृतिक इतिहास,*** (स्वयम् २०२८) पृ. १० ।

[22] **थापा र सुवेदी,** ***पूर्ववत्,*** पृ. ९४ ।

(ख) संस्कार गीत

(ग) व्रतसम्बन्धी गीत

(घ) ऋतुगत कर्मगीत

(ङ) पर्वगीत

(च) नृत्यगीत

(छ) विविध

अर्का विद्वान् कृष्णप्रसाद पराजुलीले लोकगीतको वर्गीकरण विभिन्न आधारहरू क्षेत्र, जाति, उमेर, लिङ्ग, कार्यवस्था,स्वरूप र प्रस्तुतिका आधारमा गर्दै विषयात्मक वर्गीकरण यसरी प्रस्तुत गरेका छन् [23] -

**(१) वर्षचक्रीय लोकगीत**

(क) बाह्रमासे लोकगीत

(ख) ऋतुकालीन लोकगीत

(अ) पर्वगीत

(आ) कर्मगीत

**(२) जीवनचक्रीय लोकगीत**

(क) संस्कार गीत

(ख) धार्मिक गीत

(ग) उमेर अवस्थाकालीन गीत

(घ) नृत्य गीत

चूडामणि बन्धुको लोकगीतको प्रकार्यका आधारमा गरेको वर्गीकरण यस्तो छ - [24]

(क) सामान्य गीत (ख) विशिष्ट गीत

उपर्युक्त विद्वान्हरूले गरेका वर्गीकरणलाई हेर्दा लोकगीत वर्गीकरणका विभिन्न आधारहरू ठम्याई तिनको वर्गीकरण गर्न सकिन्छ ।

**(क) सहभागिताका आधारमाः**

(अ) एकल (आ) दोहोरी (इ) सामूहिक

**(ख) लय वा भाकाका आधारमाः**

लयः (अ) द्रुतलय (आ) मध्यलय (इ) विलम्बित लय

---

23 **पराजुली, कृष्णप्रसाद**, *पूर्ववत्,* पृ. १४६-१५१ ।

24 **बन्धु, चूडामणि**, *पूर्ववत्,* पृ. १२१ ।

भाकाः (अ) ठाडो भाका (आ) तेर्सो भाका (इ) निरजाले भाका (ई) करपुटारे भाका आदि

(ग) **क्षेत्रको आधारमाः**

(अ) पूर्वेली लोकगीत (आ) पश्चिमेली लोकगीत (इ) हिमाली लोकगीत

(ई) पहाडी लोकगीत (उ) तराई एवम् काँठे लोकगीत

(घ) **जातका आधारमाः**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (अ) | बाहुन/क्षेत्री | (आ) | शेर्पा | (इ) | तामाङ | (उ) | नेवार |
| (ऊ) | थारू | (ए) | कुमाल | (ऐ) | गन्धर्व | (ओ) | गुरूङ्ग/मगर |

(ङ) **उमेरका आधारमा :** (अ) बालगीत, (आ) युवा गीत (इ) प्रौढ गीत

(च) **स्वरूपका आधारमा :**

(अ) आख्यानयुक्त (आ) मुक्त

(छ) **लय वा छन्दका आधारमा :** झ्याउरे, कर्खा, असारे, सेलो, देउसी, चुड्का, लम्बरी आदि ।

(ज) **प्रस्तुतिका आधारमा :** सादा, नृत्य र वाद्य

(झ) **कार्यका आधारमाः**

(अ) दाउरा - घाँस (आ) गोठाले (इ) जेठे (ई) असारे

(उ) भदौरे (ऊ) दाइँ

(ञ) **रसाभावका आधारमाः**

श्रृङ्गार, वीर, करूण, हास्य, शान्त आदि


(ट) **विषयवस्तुका आधारमा :**

धार्मिक, पौराणिक, ऐतिहासिक, संस्कारमूलक, सामाजिक आदि ।

(ठ) **गाइने अवसर र अनुकूलताः**

| | | | | | |
|---|---|---|---|---|---|
| (अ) | संस्कार गीत | (आ) | पर्व गीत | (इ) | कर्मगीत |
| (ई) | वाह्रमासे गीत | (उ) | धार्मिक गीत | (ऊ) | विविध |

उपर्युल्लिखित वर्गीकरणहरू मध्ये लोकगीतको वर्गीकरण गर्ने वैज्ञानिक र सर्वसम्मत आधार भनेको गाइने अवसर र अनुकूलतालाई लिन सकिन्छ । यस विभाजनलाई रेखात्मक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ -




माथि उल्लिखित वर्गीकरणात्मक सूचीअनुसार विशेष अवसरमा गाइने गीतलाई विशेष गीत र सँधै गाउँन सकिने गीतलाई सामान्य गीत भनेर लोकगीतलाई मुख्य दुई भागमा विभाजन गरिएको छ । विशेष गीतलाई वर्ष चक्रीय, सँस्कार, धार्मिक र विविध गीतमा विभाजन गरिएको छ । पर्व गीतहरू चाडपर्व, पर्व र जात्रासँग सम्बन्धित गीतहरू हुन् जसमा तीजगीत, दशैँतिहारको गीत, कृष्णाष्टमीका गीत, ठूलो एकादशीका गीत, फागूपूर्णिमाका गीत, रामनवमीका गीत, आदि पर्दछन् । कर्म गीत वर्षभरि विभिन्न कामका अवसरमा थकान मेटाउन गाइने गीत हुन् । यसअन्तर्गत वसन्तगीत, जेठेगीत, असारेगीत, दाइँगीत आदि पर्दछन् । धार्मिक गीतलाई जीवन संस्कार र पदार्थ संस्कार गरी दुई भागमा विभाजन गर्न सकिन्छ । जीवनका विभिन्न सँस्कारहरूमा गाईने मागल, रत्यौली, आशिका आदि जीवन संस्कार गीत हुन् भने पूजा, व्रत, यज्ञमा गाइने गीतहरू पदार्थ सँस्कारअन्तर्गत पर्दछन् । विविध गीतमा ख्याली गीत, बाल गीत आदिलाई लिन सकिन्छ । समान्य गीतमा वाह्रमासा र वाह्रमासे गीतहरू पर्दछन् । वाह्रमासा वाह्रै महिनाको वर्णन गरी गाइने गीतहरू हुन् भने वर्षभरि नै जुनसुकै समयमा पनि गाउन सकिने गीतहरू बाह्रमासे गीत हुन् । यस्ता गीतहरूमा देउडा, सालैजो, सेलो, टुङ्ना आदि पर्दछन् ।

## २.६ निष्कर्ष

लोक जीवनका सुख, दुःखकै सम्मिश्रणबाट लोकगीतको उत्पत्ति हुन्छ । लेख्य र मुद्रण युगमा प्रवेश गर्नुपूर्व नै लोकगीतले मौखिक परम्पराका माध्यमबाट जनमानसबीच लोकप्रियता कमाइसकेको थियो । स्वतःस्फूर्त रूपमा सृजित हुने लोकगीतलाई परिभाषामा समेट्ने कुरा कठिन कार्य हुँदाहुँदै पनि विभिन्न विद्वान्हरूले यसलाई आ-आफ्नै पाराले परिभाषित गरेका छन् । लोकगीतका तत्व, स्वरूप, प्रकार र विशेषताका बारेमा पनि विद्वान्हरूले आ-आफ्ना दृष्टिकोण अगाडि सारेका छन् । हेर्ने र मूल्याङ्कन गर्ने परिपाटीमा मतैक्यता नभेटिए पनि लोकगीत लोकसाहित्यको सर्वाधिक प्राचीन र लोकप्रिय विधा भएको विषयमा भने सबैको सहमति छ ।

अज्ञात रचयिता, मौखिकता, लयात्मकता, अन्तराको पुनरावृत्ति, सरलता र सहजता, सामूहिकता, कथनमा विविधता, स्थानीयता, परिर्वनशीलता, उपदेशात्मकता र संक्षिप्तता लोकगीतका विशेषता हुन् । लोकगीतका तत्व अनिवार्य र ऐच्छिक गरी दुईखाले हुन्छन् । अनिवार्य तत्वमा कथ्य, भाषा, लय, पात्र, स्थायी र अन्तरा पर्दछन् भने ऐच्छिक तत्वमा गायक-गायिका, गीतिमयता, रहनी वा थेगो, बाद्य, नृत्य, वेशभूषा र स्रोता पर्दछन् ।

कार्य, रसभाव, विषयवस्तु, सहभागिता, लय, क्षेत्र, जात, उमेर, स्वरूप, प्रस्तुति र गाइने अवसरका आधार लोकगीत वर्गीकरणका मापदण्ड हुन् । गाइने अवसरका दृष्टिले लोकगीतलाई विशेष र सामान्य गरी दुई वर्गमा छुट्याउन सकिन्छ । विशेष अवसर अन्तर्गत वर्षचक्रीय, सँस्कारगीत, धार्मिकगीत, र विविध गीतहरू पर्दछन् । वर्ष चक्रीयमा पर्वगीत र श्रमगीतहरू पर्दछन् भने सँस्कारगीतमा पदार्थ सँस्कार (पूजा, ब्रत, यज्ञ) र जीवन सँस्कार ( विवाह, ब्रतबन्ध) झल्काउने गीत पर्दछन् । धार्मिकगीतमा भजन, चुड्काहरू पर्दछन् भने विविधगीतमा रोइला र ख्यालीहरू पर्दछन् । वर्षैभरी गाउन मिल्ने (देउडा, झ्याउरे, सेलो, सालैजो) बाह्रमासेगीत हुन् भने वाह्र महिनाको वर्णन गरी गाइने गीत बाह्रमासा हो ।

तेस्रो परिच्छेद

# मेघौली गाविसका कुमाल जातिको सामाजिक सांस्कृतिक तथा पर्वगीत गायन परम्परा

# तेस्रो परिच्छेद

# मेघौली गाविसका कुमाल जातिको सामाजिक सांस्कृतिक तथा पर्वगीत गायन परम्परा

## ३.१ चितवनमा कुमाल जाति

चितवन जिल्ला नेपालको मध्यमाञ्चल विकास क्षेत्रको दक्षिणी भागमा अवस्थित छ। नारायणी नदीको पूर्वी भागमा भित्री मधेशदेखि महाभारत पर्वतसम्म विस्तारित यस जिल्लाको आक्षांश र देशान्तरको अवस्थिति ८३°५५' देखि ८४°४८' अक्षांस र २७°२१' देखि २७°४६' देशान्तर रहेको छ । अति सुन्दर र प्राकृतिक छटाले युक्त चितवन जिल्लाको कुल क्षेत्रफल २,२३,८३९ वर्ग किलोमिटर रहेको छ । यो जिल्ला समुद्र सतहवाट १४४ देखि १९४७ मिटरको उचाईमा अवस्थित छ ।[1] जैविक विविधताका दृष्टिले चितवन समृद्ध स्थल भनिएता पनि नारायणी, राप्ती, लोथर आदि खोलानालाको प्रचलनसँगै चितवन राष्ट्रिय निकुञ्जका जंगली जनावरको विगविगीबाट पनि आक्रान्त छ ।

राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालको कुल जनसंख्या २,३२,१४,६८१ छ। यसमध्ये कुमाल जातिको जनसंख्या ९९,३८९ रहेको छ। यो संख्या कुल संख्याको ०.४४५ देखिन आउँछ। महिला ५०,५०६ र पुरूष ४८,८८३ देखिने यो कुमाल जातिको जनसंख्या चितवन जिल्लामा कूल ७५३९ जना रहेको तथ्याङ्कले देखाउँछ । जसमध्ये महिला ३८८३ र पुरूष ३६५६ देखिन आउछ । चितवनको कुल जनसंख्याको १.६% देखिने कुमाल जाति जिल्लाका विभिन्न भागमा छरिएर बसेका छन् । [2]

देशका विभिन्न भागबाट बसाइसराई गरी हिंड्ने सिलसिलामा चितवन आएर स्थायी बसोबास गर्दै आएका कुमाल जाति पूर्वी चितवन र पश्चिम चितवनका विभिन्न गाउँ विकास समितिहरूमा छरिएर बसेको पाइन्छ। रत्ननगर नगरपालिकाका केही वडा, भरतपुर

---

[1] **सूचना तथा अभिलेख केन्द्र** *चितवन जिल्ला एक झलक २०५९* (चितवन जि.वि.स. को कार्यालय ) ।

[2] **केन्द्रीय तथ्याङ्क विभाग** *राष्ट्रिय जनगणना* (२०५८) (साभार गोरखापत्र दैनिक २०६७ भदौ १७ पृष्ठ ९) ।

नगरपालिकाका वडा नं. ११ र १२, पदमपुर र जुटपानी गाविस तथा मेघौली गाविसका वडा नं. १,२ र ३ मुख्य रूपमा कुमाल बस्ती रहेका क्षेत्र हुन् । आफ्नै निजी भाषा, सँस्कृति र चाल चलन भएको जाति हुँदाहुँदै पनि चितवनमा नेपाली भाषाभाषीको अधिक सम्पर्कले गर्दा चितवनका कुमालहरूले आफ्ना जातीय पहिचान गुमाउँदै आएका छन् । केही बृद्ध बृद्धाहरू वाहेक नयाँ पिंढीका युवा युवतीले कुमाल भाषाका शब्दहरूसम्म पनि नजान्ने अवस्था छ । उनीहरूको सामाजिक व्यवहार नेपाली भाषाका माध्यमबाट हुने गर्दछ । आफ्नो जाति र सँस्कृति लुकाउने (लाज र संकोचका कारण) प्रवृत्तिले गर्दा झनै कुमाल जातिको अस्तित्व सङ्कटमा परेको छ । सीमित संख्याका शिक्षित वर्गले पनि आफ्नो जातीय उत्थानका निमित्त कुनै योगदान पुऱ्याएको देखिदैन । चेतनाका दृष्टिले पनि चितवनको कुमाल जाति त्यति माथि उठ्न सकेको देखिँदैन ।

यसरी समाजिक सांस्कृतिक रूपले सङ्कटमा परेको चितवनको कुमाल जातिका बारेमा सम्बद्ध निकायको ध्यान पुग्नु जरूरी छ ।

## ३.२ वासस्थान

नेपाल विविध जातिहरूले बसोबास गरेको थलो हो । बाहुन, क्षेत्री, नेवार, मगर, गुरूङ, राई, लिम्वु, थारू, बोटे, दरै, दनुवार, सुनुवार आदि जातिहरूझैँ कुमालहरू पनि नेपालका विभिन्न जिल्लामा छिरलिएर बसोवास गर्दै आएका छन् । चूडामणी बन्धुले कुमालहरू पूर्वमा मोरङ, झापा, विराटनगर र पश्चिममा धादिङ, लमजुङ चितवन र नवलपरासी प्रभृति जिल्लाहरूमा बसोबास गर्दछन् र यिनको विशेष बसोवास चिसापानी, चितवन र नवलपुरमा छ भनेका छन् ।[3] कुमालहरू झापा, विराटनगर, नवलपरासी, रूपन्देही, कपिलवस्तुजस्ता तराईखण्डका जिल्लाहरूमा र चितवन, दाङ, देउखुरी प्रभृति मधेशखण्डमा समेत बसोबास गरेका छन् । कुमालहरूको प्रमुख निवासस्थान पश्चिमी नेपालको मध्यभित्री मधेश नै हो । यिनीहरू पूर्वी पहाड र पश्चिमी पहाडका केही जिल्लाहरूमासमेत वसोबास गर्न आइपुगेका छन् ।[4] उदाहरणार्थ तनहुँ, धादिङ, लमजुङ, पर्वत, स्याङजा, गुल्मी, अर्घाखाँची, पाल्पाजस्ता जिल्लाहरूलाई लिन सकिन्छ । लमजुङको

---

[3] **उपाध्याय रेग्मी, चूडामणि,** ***नेपाली भाषाको उत्पत्ति*** साझा प्रकाशन ललितपुर (२०३२) पृष्ठ १९५ ।

[4] **पोखेल, वालकृष्ण** ***पूर्ववत्*** पृष्ठ ८८-८९ ।

हाँडेटार र कर्पुटारमा, तनहुँको जगौली, नाङ्गेटार, वनटार, गडौलीजस्ता गाउँहरूमा पर्वतको कुस्मा र फलेवासमा, स्याङ्जाको चापाकोटटारमा, गुल्मीको धुर्कोट, तालतुम, राङवास, र बुल्म भन्ने गाउँमा, अर्घाखाँची जिल्लाको चुत्रोवंशी, सन्धिखर्क साजबोट, वडडाँडा, रामपथ दुवार बलेवाङ, देवलचौर, आदि गाउँमा कुमाल जातिको बसोबास भएको छ । उक्त गाउँहरूमा कतै घना वस्ती छ भने कतै पातलो कुमालवस्ती रहेको छ । पाल्पा जिल्लाका पनि विभिन्न भागमा यिनीहरूको वस्ती पाइन्छ । पाल्पाका कुमालहरू पनि भाषिक आदानप्रदानमा आफ्नै जातीय भाषा प्रयोग गर्ने जातिहरूको वर्गमा पर्दछन् । [5]

चितवन जिल्लाका विभिन्न भागहरूमा कुमाल जातिको बसोबास छ । देशका विभिन्न ठाउँबाट बसाइसराई गरी आएका मानिसहरूसँगै कुमालहरूले पनि यहाँ बसोबास गर्दै आएका छन् । विशेष गरेर नदीकिनार तथा जङ्गलका छेउछाउमा बस्न रूचाउने यो जाति पश्चिम चितवनको मेघौली गा.वि.स.का वडा नं. १,२ र ३ मा घना बस्ती कै रूपमा बसोबास गरेको पाईन्छ । सामान्य खर, बाँस र काठबाट बनेका घर बनाउने र घरसँगै गोठ र कुखुरा, हाँस, परेवा, सुँगुर आदिको खोरसमेत राख्ने चलन मेघौलीका कुमालहरूमा छ ।

चितवनका पिछडिएका जातिको सूचीमा यो जाति पनि पर्दछ । प्रजा, थारू, माझि, दराई, कुमाल आदि चितवनका पिछडा वर्ग अन्तर्गत पर्दछन् । [6]

## ३.३ व्यवसाय

हरेक जातिका आ-आफ्ना परम्परागत पेशा हुन्छन् । माटाका भाँडा बनाउने र खेतिपाती व्यवसाय गर्ने कुमाल जातिको पुर्ख्यौली पेशा हो । उपयुक्त माटोको अभावका साथै दाउरा एवं बजार व्यवस्थापनमा समेत समस्या उत्पन्न हुन थालेकाले कुमालहरूको पुर्ख्यौली पेशा सङ्कटमा पर्न थालेको छ । अर्कातिर रोजगारीका अन्य वैकल्पिक क्षेत्रतर्फ युवापिंढीको आकर्षणसँगै पूरानो सीप र प्रविधी नयाँ पुस्ताले सिक्न नसक्नुले पनि कुमाल जातिको पूरानो पेशा परिवर्तन हुन वाध्य भएको हो । कुमालहरूको प्रमुख व्यवसाय खेतिपाति नै हो । प्रायः चितवनको मेघौलीका कुमालहरूले कृषि व्यवसायलाई जीविकोपार्जनको प्रमुख आधारका रूपमा स्वीकार गरेका छन् । जातीय व्यवसाय नअँगाल्ने कुमालहरू प्रशस्तै मात्रामा भेटिन्छन् तर खेतीपाति नगर्ने कुमालहरू पाउन प्रायः दुर्लभ

---

[5] **वर्मा, कृष्णबहादुर** (सङ्कलक) ***यो हो पाल्पा*** टङकण प्रतिलिपि(२०२५) पृष्ठ २० ।

[6] **सूचना तथा अभिलेख केन्द्र** ***चितवन जिल्ला एक झलक*** (चितवन जि.वि.स.को कार्यालय २०५९) ।

हुन्छ । [7] कुमाल जाति श्रमजीवी भएकाले आरा चिर्ने, घर बनाउने, भारी बोक्ने, निवेक गर्ने, जाँडरक्सी पार्ने, सानोतिनो नोकरी गर्ने, माछा मार्ने, पशुपालन गर्ने, कुखुरा, सुँगुर पाल्ने, मर्चा पारेर वेच्ने, डोकाडाला आदि वुनेर बेच्ने आदि विविध काममा पनि उनीहरूको संलग्नता भेटिन्छ । पूरानो मान्यताअनुरूप झारफुक र लामाझाँक्रीको पेशा गर्ने कुमालहरू पनि छिटपुट भेटिन्छन् । [8]

तामापित्तलका भाँडाकुँडा बनाउने काम वाँडाहरूको, फलामका भाँडाकुँडा र हतियार बनाउने काम कामीहरूको, कपडा सिलाउने काम दमाइहरूको तथा जुत्ता सिलाउने काम सार्कीहरूको भएजस्तै माटाका भाँडावर्तन बनाएर जिल्लाभित्र र वाहिरसमेत लागि बिक्री वितरण गर्ने काम कुमालहरूले गर्दछन् ।[9] अन्यत्र बस्ने कुमालहरूको पेशा अन्यान्य जेसुकै भएपनि चितवन मेघौलीका कुमालहरूको मुख्य पेशा भने कृषि व्यवसाय नै हो । पहिल्यैदेखि यहाँ बस्दै आएका कुमालहरूको आफ्नै जग्गाजमिन पनि छ । खेतियोग्य जमिन र आवश्यक श्रमशक्ति समेत आफ्नै घरमा हुने कुमालहरूले कृषि पेशालाई संतोषजनक रूपले अगाडि वढाएका छन् । चितवन मेघौलीका केही कुमालहरू नोकरीतर्फ पनि आकर्षित छन् ।
मेघौली गाविस अन्तर्गतका वहुसंख्यक कुमालहरू टाइगरटप्स जङ्गल लजमा र सौराहातिर हात्तिसारेको रूपमा पनि कार्यरत छन् । केही युवा पिँढीका व्यक्तिहरू सेना र गाडी चालकका रूपमा पनि देखिन्छन् । अल्पसंख्यक शिक्षित कुमालहरू शिक्षण पेशा, सामाजिक परिचालक र राजनीतिमा पनि सरिक भएका छन् । [10]

यसरी पुर्ख्यौली पेशाका रूपमा माटाका भाँडाकुँडा बनाएर जीवीकोपार्जन गर्ने जाति भनिए तापनि वर्तमान परिवेशमा कुमाल जातिका पेशा र व्यवसाय विविध खाले भएको पाउन सकिन्छ ।

## ३.४ आगमन

कुमाल जातिको आगमनबारे कुनै विद्वान्ले कुनै ग्रन्थमा प्रष्टसँग लेखेको भेटिदैन । चन्द्रकोटे थर भएका कुमालहरू चन्द्रकोटबाट आएको बताउँछन् । त्यस्तै प्युठानी थर भएका कुमालहरू प्युठानबाट, गोर्खालीहरू गोरखाबाट आदि बताए पनि आगमनस्थल बारे निश्चित किटान हुन सकेको छैन ।

---

[7] **पौड्याल शर्मा हीरामणि** ***पूर्ववत्*** पृष्ठ ११-१२

[8] **पौड्याल हीरामणि शर्मा** ***पूर्ववत्*** पृष्ठ १३ ।

[9] **नेपाल सरकार सञ्चार मन्त्रालय सुचना विभाग काठमान्डौ** ***मेचीदेखि महाकाली २०३१*** पृष्ठ ४७५ ।

[10] **स्रोतव्यक्ति,** ***कुमाल रामसिंह*** मेघौली-३, सालवास निवासी ।

चितवन जिल्लाको मेघौली गाविस वडा नं. १ निवाशी ९३ वर्षीय ठूलो मङ्गले कुमालले आफूहरू खोरियामोहनबाट वि.सं. २०११ सालमा मेघौली आएर बसोबास गर्न थालेको बताउँछन् ।[11] चितवन आवादि हुनुपूर्व नै मेघौली गा.वि.स.को नदी किनारमा थारू जाति र कुमाल जातिको मिश्रित बसोबास रहेको थियो । आदिवासी थारूजातिसँगै घुलमिल भएर बस्दै आएका यहाँका केही कुमालहरू भने आफूलाई चितवनका रैथाने बासिन्दा भएको बताउँछन् । भाषा, सँस्कृति र धार्मिक परम्पराका आधारमा हेर्दा कुमालहरू तराईका आदिवासी मानिने थारू जातिकै संसर्गमा बस्ने जाति हो र तराईबाट बसाई सर्दै पहाडका कछाड खण्डमा र त्यहाँबाट पुनः विस्थापित भई भित्री मधेशमा बसोबास गर्न आईपुगेको हो ।

## ३.५ मेघौली गाविसका कुमालहरूको सामाजिक संस्कार

जनजाति वर्गमा पर्ने कुमाल जातिका जन्मदेखि मृत्युसम्म गरिने विभिन्न सामाजिक सँस्कारहरू छन् । केही सँस्कारहरू अन्य जातिसँग मिल्दाजुल्दा भए पनि धेरै जसो संस्कारहरू वेग्लै र छुट्टै भेटिन्छन् । जन्म, छैंटी, नामकरण, पास्नी (भात खुवाई), विवाह र मृत्यु सँस्कार कुमाल जातिका मुख्य सामाजिक सँस्कार हुन् । कुमाल समाजमा स्वास्नी मान्छे महिनावारी हुँदा छुवाछुत बार्ने चलन छैन तर यस्तो वेलामा घरको खाना पकाउने काम भने उनीहरूले गर्दैनन् । यिनीहरूको चलनअनुसार छोराको व्रतबन्ध गर्ने सँस्कार छैन तर क्षौरकर्म (कपाल काट्ने/खौरने) र नाक कान छेड्ने चलन भने छ । त्यस्तै नामकरण र विवाहको छुट्टै परम्परा मेघौलीको कुमाल जातिमा रहेको छ ।

### ३.५.१ जन्म

मेघौलीका कुमालहरू महिलालाई बच्चा जन्मिने व्यथा लागेर तुरून्तै बच्चा जन्मिन सकेन भने वा अली गाह्रो भयो भने आफ्नो घरमा भार बोक्ने सुइलो (बाँसबाट निर्मित वस्तु ) घरको धुरी नघाएर फाल्दछन् । यसो गरेमा व्यथा लागेको महिलाले छिट्टै बच्चा पैदा गर्दछन् भन्ने जनविश्वास रहेको छ । यसैगरी आफ्नो घरमा पसाएको केराको थाम हल्लाएमा

---

[11] स्रोतव्यक्ति *कुमाल ठूलो मङ्गले* मेघौली-१, लौखरी ।

पनि बच्चा जन्मिन सजिलो हुन्छ भन्ने जनविश्वास मेघौलीका कुमाल जातिमा रहेको छ । [12]

## ३.५.२ छैंटी

बालबालिका जन्मेको छैटौँ दिनमा गरिने सांस्कृतिक सँस्कारलाई छैंटी भनिन्छ । मेघौलीका कुमाल जातिमा पनि छैंटीको प्रचलन छ । छैंटीका दिन राति सम्बन्धित व्यक्तिका घरमा गाउँका मानिस भेला भइ सन्तान जन्मेको सुखद उपलक्ष्यमा हर्ष वढाइँ गर्ने, झाम्रो गीते गाउने, मादल बजाउने, नाच्ने, जाँड रक्सी खाने गरेर रातभरी जाग्राम बस्ने चलन छ । छैंटीका दिन राति भावीले बालकको भाग्यरेखा कोर्न आउँछ तसर्थ उक्त दिन उज्यालो बालेर रमाईलो गर्न सके बालकको भाग्यरेखा राम्रो कोरिने जनविश्वास यहाँको कुमाल समाजमा विद्यमान छ । [13]

## ३.५.३ न्वारन

नवजात शिशुको नाम राख्ने सँस्कारलाई न्वारन भनिन्छ । मेघौलीको कुमाल समाजमा सुत्केरी भएकी महिलाले ९ दिनसम्म छुवाछुत बार्दछन् । ९ दिनको बिहान सुत्केरी आमा र नवजात शिशु दुवैलाई नुहाएर शुद्ध पारिन्छ । कुमाल जातिको नामकरण सँस्कारमा वाहुन क्षेत्रीको जस्तो पूरोहित वाहुन वोलाएर पूजाविधि सम्पन्न गर्नुपर्ने चलन छैन । त्यस्तै गाईको गहुंत मन्त्रेर गरेर छर्कने र खाने खुवाउने चलन पनि यहाँको कुमाल जातिमा पाइदैन ।

मेघौली-३ सालबास निवासी हितलाल कुमाल र रामसिंह कुमालका अनुसार न्वारनमा बच्चाको नाम राख्ने काम उक्त घरकी चेलीले गर्दछन् । नुहाएर शुद्ध पारिएको बच्चालाई काखमा लिएर उक्त चेलीले आफूलाई मनपर्ने कुनै नाम राखेर उक्त शिशुलाई बोलाउँछे । त्यसपछि पहैंलो धागो बांध्ने काम पनि सोही चेलीले नै गर्नुपर्दछ । यसरी हेर्दा कुमाल समाजमा नामकरण सँस्कारका लागि बाहुन भनेकै चेली हो । यसरी नाम राख्दा आइतबार जन्मेकोलाई आइते/आइती, मंगलबार जन्मेकोलाई मंगले/मंगली आधारमा राख्ने

[12] **स्रोतव्यक्ति** ***हितलाल कुमाल*** मेघौली-३, सालवास, चितवन ।
[13] **स्रोतव्यक्ति** ***शंकर ओझा कुमाल*** मेघौली-१, लौखरी चितवन ।

गरिन्छ । आजकल आएर भने त्यस्तो  बारका आधारमा नामराख्ने चलन हराइसकेको छ । 14

## ३.५.४ विवाह परम्परा

गृहस्थी जीवनमा प्रवेश गर्ने पहिलो सोपान नै विवाह भएकाले जुनसुकै जातिको पनि विवाह प्रथालाई सामाजिक जीवनका सन्दर्भमा निकै महत्त्वपूर्ण घटना मानिन्छ । निश्चय नै विवाह प्रथा कुमाल जातिका सामाजिक जीवनको एउटा महत्वपूर्ण पक्ष हो र यसबाट पनि कुमाल जातिका परम्परागत संस्कार, सामाजिक मूल्यमान्यता, रीतिथिति र चालचलन सम्बन्धी जातिगत वैशिष्ट्यहरू छर्लङ्गिन्छन् ।

मेघौलीका कुमाल समाजमा दुइ प्रकारका विवाहका स्वरूप प्रचलनमा देख्न सकिन्छ । एउटा केटाकेटीको इच्छा बमोजिम गरिने विवाह र अर्को बाबुआमाको योजना अनुरूप गरिने विवाह । पहिलो स्वरूपको विवाहलाई हाल प्रचलनमा देखिने गरेको प्रेम विवाहको स्वरूप मान्न सकिन्छ । भने दोस्रो चाहीं मागी विवाहको स्वरूप हो । यसमा बाबु आमाको स्विकृति र विवाहपछि ढोगभेटको कर्म अनिवार्य हुन्छ । तर प्रेम विवाहमा भने ढोगभेट पनि अनिवार्य मानिदैन । मागी विवाहका लागि केटा पक्षका ज्वाइ वा भानिज मध्येका मान्छेलाई पुइँठे (लमी) बनाएर केटीका घरमा पठाइने चलन हुन्छ । यसरी गएका पुइँठेलाई केटी पक्षका बाबुआमाले आफ्नो बिचार (इच्छा/अनिच्छा) व्यक्त गर्दछन् । केटी पक्षको वास्तविक बिचार वुझिसकेपछि उक्त पुइँठे पुनः केटाको घरमा आएर उहाँ भए गरेका सबै कुरा सुनाउँछ । यसपछि कुरा सकारात्मक भएमा दोस्रो चरणको कुरा अगाडी बढ्छ भने कुरा नकारात्मक भएमा दोस्रो चरणमा प्रवेशै नभई विवाहको प्रसङ्ग अन्यत्रैतिर चलाउन शुरू हुन्छ । एवं रीतले हुँदै जाँदा जहाँ सबैकुरा मिल्छ सोही ठाउँमा विवाहको कुरा पक्का गरिन्छ ।

मेघौलीका कुमाल समाजमा वैवाहिक सँस्कारका दुई चरणहरू रहेका हुन्छन् । पहिलो चरणमा दुलहीलाई दुलहाका घरमा भिफ्याउने कार्य सम्पन्न हुन्छ भने दोस्रो चरणमा ससुरालीकहाँ सगुन लिएर गई ढोगभेट फुकाउने कार्य हुन्छ । माथि उल्लेखित दुबै प्रकारका विवाहमा दुलही भिफ्याउने कार्य पहिलो चरणमै गरिने कार्य हो ।

---

14 **स्रोतव्यक्ति** *कुमाल रामसिंह* मेघौली -३ सालवास चितवन ।

केटाकेटीको मन मिलेर विवाह गर्न खोजिएको भए केटी वनजंगल वा मेलापात गएको बेला केटाले भगाएर लैजाने चलन छ । परिवारको मञ्जुरीमा गरिने विवाहका लागि घरको मूल ढोकामा पूर्णघडामा जल राखेर कलस थापिन्छ र दियो वत्ती पनि बालिएको हुन्छ । दुलाहा दुलहीले फूलपाती र चन्दन अक्षताले कलस र वत्तीको पूजा गरेपछि दुलहाले दुलहीको सिउँदोमा सिंदुर हालिदिन्छ र विधिपूर्वक हातमा कलस लिएर दूलहीलाई घरभित्र प्रवेश गराइन्छ ।

विवाहको दोस्रो चरणको महत्वपूर्ण कार्य दुलहीका माइत ढोगभेट फुकाउनु र सगुन लैजानु हो । विवाहको विशेष तयारी यही अवस्थामा हुने गर्दछ । ढोगभेट फुकाउनका लागि दुलही भित्र्याउने तीन दिनभित्र दुलहीका माइत सोधनी पठाउनु पर्दछ । दुलाहाका घरबाट रक्सी लिएर गएको उक्त मानिसले जन्ती के कति ल्याउने, पाहुरपात के के चाहिने र कहिले आउने भनेर सोधनी गर्दछ । माइतीले सोही व्यक्तिसँग सबैकुराको किटानी गरेर पठाउछन् । त्यसै अनुसार दुलाहाको घरमा सरसमानहरू तयार गरिन्छन् । सबैथोक तयारी सम्पन्न गरिसकेर माइतीले बोलाएकै दिनमा पाहुरपात लिएर दुलहीका माइत जन्ती जान्छन् । यस्तो महोत्सवमा रक्सीजांडको ठूलो महत्व हुने गर्दछ । सबै मानिसहरू जांडरक्सी खाएर मस्त हुन्छन् । सुंगुरको मासु वा सिङ्गो सुंगुर, कुखुरा, विशेषखाले रोटी, दालचामल, अचार, तरकारी सबैथोक जन्तीलेनै लिएर जानुपर्दछ । जन्ती माइती दुवैतर्फका इष्टमित्रलाई एक छाक भोज खुवाउनुपर्ने चलन भएकाले यसरी पाहुर लाने चलन भएको हो । जन्तीहरूले एक छाक दुलहीका माइतीतिरको खान्छन् भने एक छाक दुलाहाकै घरवाट लगेको खानुपर्ने हुन्छ । जन्ती माइतीका घर पुगेपछि रंगीन अक्षताले पर्सिने चलन हुन्छ । सगुनका रूपमा दहीको ठेकी र हरियो सागको मुठो लिएर गएको मान्छेले जन्तीको अगुवाई गर्दछ । हरियो साग वहारपूर्ण जीवनको प्रतीक र दहीको ठेकी शुभ साइतको प्रतीक हो भन्ने धारणा कुमाल समाजमा विद्यमान देखिन्छ । यसपछि जन्तिले ल्याएका पाहुरपात भिफ्याउने र जन्तिलाई खाना खुवाउने काम हुन्छ । खानापछि दुलाहादुलहीलाई टिकाटाला, गहना , कपडा आदि लाउने काम हुन्छ । जल खाने र दाइजो दिने काम पनि सोही रात गर्दै विवाह सम्पन्न गरिन्छ । भोलिपल्ट दुलही अन्माएर जन्तिलाई विदा गरिन्छ । [15]

माइतीबाट विदावादी भएर आएको वरियाँत दुलाहाका घरमा आइपुगेपछि विधिपूर्वक सामान र दुलाही भिफ्याउने काममा लाग्दछन् । यता दुलहाको घरमा रतेली खेल्ने र

---

[15] **स्रोतव्यक्ति** *कुमाल रामसिंह* मेघौली -३ सालवास चितवन ।

रमाइलो गर्ने काम पनि चलिरहेकै हुन्छ । यसरी ढोगभेट फुकाएको तीनदिनका दिन पुनः दुरानी फर्काउने चलन हुन्छ । दुरानमा गएका ज्वाइँ छोरी तीनदिनसम्म ससुरालीकै घरमा विताउनुपर्ने चलन पनि हुन्छ ।

मेघौलीको कुमाल समाजमा विवाहको स्वरूप अन्तर्गत पुनर्विवाह पनि देख्न सकिन्छ । दाजु मरेपछि भाइले भाउजु राख्ने चलन पनि हुन्छ तर अनिवार्य चाहिं हुदैन । एउटाको श्रीमती अर्कोले लैजाने चलनलाई जारी गर्ने भनिन्छ । पहिलो जारि गर्नेले साठी रूपैयाँ र दोस्रो जारी गर्नेले तीस रूपैया तिर्नुपर्ने हुन्छ । तेस्रो चौथो वा त्यसभन्दा पछाडी जारी गर्दा जारीखत तिर्नुपर्दैन । विवाहका लागि कार्तिक, चैत र साउन महिना अशुभ मानिन्छ । मामाकी छोरीमा भाञ्जाको हक लाग्ने चलन कुमाल जातिमा देख्न सकिन्छ । यदि केटाकेटीको उमेर वा अन्य स्तर नमिल्ने भएमा मात्रै मामाकी छोरीको विकल्प खोज्ने गरिन्छ । वालविवाह र अनमेल विवाहको चलन यो जातिमा देखिदैन । विवाहको कुरा छिनेपछि केटी अन्तै पोइल गइ भने त्यस्तो पछिल्लो केटा (ज्वाइँ) सँग केटीका माइतीले जरिवाना लिने गर्दछन् । यस्तो जरिवानालाई छांग्रा छोडाउने भनिन्छ । छांग्रा वापत लिएको वस्तु वा नगद पछि आफ्नै छोरीलाई दिनुपर्ने हुन्छ ।[16] विवाहमा गाउँका तरूनी तन्नेरी एवं अन्य वयष्क नरनारी सबैले विना भेदभाव झाम्रेमा भाग लिने गर्दछन् । पञ्चेवाजा र नौमती वाजा पनि बजाउने गरिन्छ । विवाहमा दुलाहादुलही स्वयं पनि नाचगानमा संलग्न हुन्छन् । विवाहमा ढोगभेटको पनि ठुलो महत्व रहने गर्दछ । ससुरालीबाट विदा हुँदा र दुलाहाको घर पुगेपछि आफूले मान्नुपर्ने सबैलाई पालैपालो ढोगभेट गर्नुपर्दछ । यसरी कुमाल समाजमा विवाहको आफ्नै र छुट्टै परम्परा रहेको तथ्य भेटाउन सकिन्छ ।

## ३.५.५ मृत्यु संस्कार

मेघौलीका कुमालहरूको मृत्युसंस्कार केही अंशमा अन्य जातसँग पनि मिल्दोजुल्दो देखिन्छ । केही अंश आफ्नै जातिगत विशेषता झल्काउने खालका हुन्छन् । मरेको व्यक्तिको लास नदीमा लगेर जलाउने वा गाड्ने र त्यसको काजकिरिया गर्ने चलन हुन्छ । मान्छे मरेपछि गाउँभरिका इष्टमित्र सबै उक्त मृतकका घरमा भेला भई कुरेर वस्दछन् । लास हिँडाउने बेलामा घरका सबैले मृतकका मुखमा नाम सम्झेर तीनपटक चामल राखिदिन्छन् । नयाँ ठाउँमा जग्गा किन्न भनेर एक दुई पैसा मुखमा राख्ने गरिन्छ । त्यसपछि बाँसको

[16] **स्रोतव्यक्ति** *कुमाल शंकर ओझा* मेघौली -१ लौखरी चितवन ।

घारोमा बाँधेर कांधेकाठ गर्दै उसलाई नदीकिनारमा लगी विसर्जन गरिन्छ । लास विसर्जनपछि सबै मलामीहरूले मृतकको नाममा तीन तीन अंजुली पानी चढाउँछन् र क्रियापुत्रीको कपाल खौरी विधिपूर्वक पिण्ड खोलामा बगाउने काम हुन्छ । घाटबाट फर्कदा सबै मलामीले बाटामा धुप लिन्छन् र वयरको काँढामा टेकेर अब तँ यहाँवाट वर गाउँमा नफर्कनु भन्दै अगाडि बढ्दछन् । यसो गरेमा कालका लागि बार लाग्दछ भन्ने विश्वास कुमाल समाजमा रहेको छ । वाटामा मलामीले अर्नीपानी (जाँडपानी) खाएर क्रियापुत्रीलाई अगाडि लगाई घरमा आउँछन् । मर्दाको दिन क्रियापुत्रीले जाँड रक्सी र उसिनेको वा घिउमा भुटेको केरा बाहेक अरू केही खान हुदैन । घरको पिँढीमा गुन्द्री या भकारीमा बारेर क्रियापुत्री बस्ने ठाउँ वनाइन्छ । त्यहां पराल ओच्छ्याएर किरियापुत्रीलाई राखिन्छ । रातमा माटाको पालामा खानेतेल राखेर बत्ति बालिन्छ । कुमाल समाजमा क्रियापुत्रीको सहयोगार्थ सबैका घरबाट चारमाना अन्न, एकमाना चामल र दुई रूपैयाँ अनिवार्य रूपले उठाउने चलन छ । यसलाई घोत वा भेटी उठाउने चलन भनिन्छ । [17]

प्रत्येक विहान क्रियापुत्रीले जलाशयमा गई मृतकको नाममा तीन अंजुली पानी दिनुपर्दछ । त्यसपछि घरमा आएर पिण्ड पकाएर त्यसमाथी साग, अदुवा र जाँडरक्सी समेत राखेर पानीले तीनचोटी तर्पेपछि मृतकका नाममा पर सार्छ । क्रियापुत्रीले तेह्रदिनसम्म एकछाक मात्रै खानु पर्छ । कुमाल परम्परा अनुसार यस्तो वेलामा क्रियापुत्रीले जाँडरक्सी, अदुवा र केरा खान हुन्छ  तर दुध, मासु, नुन, तेल आदि खान हुदैन । विटुलो हुन्छ भनेर यस्तो खान नदिने विश्वास कुमाल जातिमा भेटिन्छ । दश दिनको दिन कन्या केटीलाई खुवाउनु पर्दछ । तेह्रौ दिनका दिन क्रियापुत्री बस्ने कोरो फुकाइन्छ । ज्वाइँ चेलाले क्रियापुत्रीको कपाल खौरीदिन्छन् भने चेलीवेटीले घर दोहोरो लिप्छन् । यसलाई उल्टो सुल्टो फुकाउने भनिन्छ । क्रियापुत्रीले नुहाइधुवाइ गरेपछि पिण्ड पकाएर लिपापोत गरेको आँगनमा सिरूको एउटा मुर्ति वनाइ त्यसैमा पिण्ड दान गर्दछ ।

यसरी क्रियापुत्रीले पिण्ड दानको कार्य सकेपछि ज्वाइँचेलाले सबैलाई गहुंत खान दिन्छन् । आशौचबाट चोखिएपछि दिउसो उक्त मूर्ति र पिण्ड खोलामा लगेर बगाउनु पर्दछ । चोखिँदाका दिन ज्वाइँ चेला, कन्या कुमारी आदिलाई टीकाटाला गर्नुपर्दछ । छोराले बाबुआमाको दुःख छ महिनासम्म वा पैतीस दिनसम्म बोक्नुपर्ने हुन्छ । यसरी मेघौलीको कुमाल समाजमा मृत्यु सँस्कार गर्ने आफ्नै परम्परा रहेको छ ।

---

[17] **स्रोतव्यक्ति** ***कुमाल शंकर ओझा*** मेघौली -१ लौखरी चितवन ।

## ३.६ समाजिक प्रचलन

मेघौलीको कुमाल जातिका आफ्नै किसिमका सामाजिक प्रचलनहरू विद्यमान छन् । अभिवादनको तरिका र झाम्रै बस्ने प्रचलनले यिनीहरूका सामाजिक रीतिरिवाज र चालचलनलाई झल्काउँछ ।

## ३.६.१ अभिवादन

मेघौलीको कुमाल समाजमा सामाजिक अभिवादनको विशेष महत्त्व रहेको छ । विवाह आदिमा नयाँ व्यक्तिसँग नातासम्वन्ध कायम गर्दा ढोगभेट फुकाउने प्रचलनले कुमाल समाजमा विशेष महत्व राख्दछ । अभिवादनका विशेष नौला तरिकाहरू नदेखिए पनि र धेरै जसो अंश वाहुनक्षेत्रीसँग मिल्दाजुल्दा भए पनि एक दुईवटा अभिवादनका तरिकाहरू आफ्नै किसिमका पनि छन् । आफूभन्दा ठूलाबडा र मान्नुपर्ने व्यक्तिलाई मानमर्यादा र आदरभाव प्रदर्शित गर्नुपर्ने प्रचलन कुमाल समाजमा पनि विद्यमान छ । विशेष आदरार्थी सर्वनाम 'तोरे' वा 'तोरेहरू' शब्द हुन् । यी क्रमशः एक वचन र वहुवचनका लागि प्रयुक्त आदरार्थी सर्वनाम हुन् । कुमाल समाजमा पारस्परिक र अपारस्परिक दुवै प्रकारका अभिवादन प्रचलित छन् । छोराले बाबुआमालाई र बुहारीले सासुलाई खुट्टामा टाउको राखेर ढोग्ने चलन छ । त्यस्तैगरी छोरीले आमालाई पनि महातरी भनेर खुट्टामै ढोग्नुपर्दछ । केही समय अघि छोरीले बावुलाई पनि त्यसरी नै ढोग्ने चलन थियो आजकाल यो चलन परिवर्तन भएर निहुरी परेर हातले नमस्कार गर्ने गरिन्छ । बहिनीले दाजुलाई सादा नमस्कार गर्ने चलन छ । बुहारीले ससुरालाई अञ्जुली आफूतिर फर्काएर र केही झुकेर ढोग्नु पर्दछ । यसरी दाजु-बहिनीकाबीच, बाबु-छोराकाबीच, सासु-बुहारी र ससुरा-बुहारीका बीचको अभिवादनलाई अपारस्पारिक भनिन्छ । [18]

सम्धी-सम्धीकाबीच, मित-मितकाबीच र आफू समानका व्यक्तिका बीचको अभिवादनलाई पारस्परिक अभिवादन भनिन्छ । सम्धी (छोरीका बाबु) ले सम्धी (छोराका बाबु) लाई ढोग्नुपर्दा सम्धी १ मइँ दर्सन करइँनु भनी तिनको ध्यान आफूतिर आकर्षित गरी वायाँ हातले दायाँ हातको कुम समाई दायाँ हात अलिकति ठाडो पारेर निधार छोइने गरी अभिवादन गर्नुपर्दछ । छोराको बाबुले अभिवादन सोही तरिकाले फर्काउनु पर्दछ । सशुराले ज्वाइँलाई खुट्टामा ढोग्नुपर्दैन । फुपु पुसाजुलाई भतिजा भतिजीले अभिवादन गर्ने तरिका पनि

---

[18] **स्रोतव्यक्ति** ***कुमाल ठूलो मङ्गले*** मेघौली -१ लौखरी चितवन ।

यही हो । शालीले भिनाजुलाई हात जोडेर नमस्कार गर्ने चलन छ । गुरू पूरोहितलाई भने खुट्टामा ढोग्ने चलन छ । आजकाल युवा पुस्ताले सबै वर्गका मानिसलाई नमस्कारकै अभिवादन लाई बढि प्रयोग गर्दछन् । [19]

## ३.६.२. झाम्रे बस्ने प्रचलन

मेघौलीको कुमाल समाजमा राती कसैको घरमा गाउँका तरूनी तन्नेरीहरू र अन्य इच्छुक नरनारीहरू भेलाभई नाचगान गर्ने चलन छ । यसरी रातमा भेलाभई गरिने सामूहिक नाचगानको कार्यक्रममा गाउँका चेलीवेटी, दाजुबहिनी, दिदीभाइ, देवरभाउजु सबैले भाग लिन सक्दछन् । यस्तो कार्यक्रम फुर्सदको वेला जहिले पनि हुन सक्दछ । प्रायः महिनाका एक दुई चोटी नाचगानको कार्यक्रम भएको हुन्छ । यस किसिमको कार्यक्रमलाई झाम्रे बस्ने प्रचलन भनिन्छ । [20]

झाम्रेमा चलनचल्तीको भाकामा गाउँगाउँमा गाइने नेपाली लोकगीतहरू गाइन्छन् । मादलको तालमा नाच्ने र गाउने गरिन्छ । यसरी बस्दा सबैजसो जाँडरक्सी खाएर बसेका हुन्छन् । कसैको खाली घरमा झाम्रेको कार्यक्रम राखिएको भए त्यहाँ भएको खर्च सामूहिक हुन्छ नत्र भने जसका घरमा गरिएको छ उसैले नै त्यस्तो खर्चको प्रबन्ध मिलाउँछ । झाम्रेमा तरूनी तन्नेरीवीचमा दोहोरी चल्ने गर्दछ । कुमालहरूको झाम्रे नाच गुरूङ्गको रोदीघर भन्दा अलिक फरक छ । विहेवारीमा दुलाहादुलहीका घर झाम्रे नाचिने हुंदा यसले अझै छुट्टै महत्व राख्दछ । नेपाली लोकगीतलाई कुमाल भाषामा परिणत गराएर गाउने प्रचलन झाम्रेमा गरिने भए पनि आजका नयाँ पुस्ताले आफ्नो भाषा विर्सिंदै गएकाले यस्तो विरलै मात्रै देख्न सकिन्छ ।

## ३.७ चाडपर्व

हिन्दुधर्म मान्ने मेघौलीका कुमालहरूले वर्षभरिमा विभिन्न चाडपर्व मनाउँछन् । चाडपर्व विशेषमा मीठो खाने, राम्रो लगाउने, रङ्ग रमाइलो गर्ने र इष्टमित्र भेटघाट गर्ने

---

[19] **स्रोतव्यक्ति** ***कुमाल शंकर ओझा*** मेघौली-१ लौखरी चितवन ।
[20] **स्रोतव्यक्ति** ***कुमाल शंकर ओझा*** मेघौली -१ लौखरी चितवन ।

यहाँको प्रचलन छ । यहाँका कुमालहरूले निम्नलिखित चाडपर्वलाई विशेष महत्वकासाथ मनाउने गर्दछन् -

### ३.७.१ दशैं

दशैं मेघौलीका कुमालहरूको सबैभन्दा ठूलो चाडपर्व हो । खानपिन र भेटघाटका साथै पाङ्दुरेगीत गाएर ठूलो नाच लगाउने प्रचलन यहाँ छ ।

### ३.७.२ तिहार

मेघौलीका कुमालहरूले तिहार पर्वहरू पनि मान्दछन् । चेलीबेटीका हातबाट दाजुभाइले टीका र माला लगाई मीठोमसिनो खाएर यो चाड मनाइन्छ । मनोरञ्जनका लागि पाङ्दुरे नाच लगाउने चलन यस पर्वमा पनि छ ।

### ३.७.३ कृष्णाष्टमी

मेघौलीका कुमालहरू कृष्णाष्टमी पर्व पनि मनाउछन् । राधा र कृष्णका भजनगीत गाएर आस्तिकभाव प्रकटगर्ने काम यस पर्वमा हुन्छ ।

### ३.७.४ तीज

मेघौलीको कुमाल समाजमा तीजलाई पनि चाडका रूपमा मनाइन्छ । यस पर्वमा चेलीबेटी माइत आउने र तीजेगीत गाउने प्रचलन छ ।

### ३.७.५ ठूले एकादशी

मेघौलीको कुमाल समाजमा ठूलो एकादशीलाई पनि चाडका रूपमा मनाइन्छ । यस पर्वमा उपवास बसेर फूलको डोली तार्ने र भजनगीत गाउने प्रचलन छ ।

### ३.७.६ फागुपूर्णिमा

मेघौलीका कुमालहरूले फागुपूर्णिमालाई पनि चाडपर्वका रूपमा मनाउँछन् । असत्यमाथि सत्यको विजय भएको हिन्दू धार्मिक मान्यता अनुसार अबीरको होली खेल्ने र फागुगीत गाएर हर्ष प्रकट गर्ने परम्परा यहाँ छ ।

### ३.७.७ रामनवमी

मेघौलीका कुमालहरू रामनवमी पर्वलाई पनि चाडका रूपमा मनाउँछन् । रामभजन गाउने र भक्तिभाव प्रकट गर्ने यस पर्वको मुख्य विशेषता हो ।

## ३.८ धर्म तथा विश्वास

### ३.८.१ धर्म

मेघौलीका कुमालहरू हिन्दू धर्मावलम्वी हुन् । स्वर्ग, नरक, पाप, पुण्य, पुनर्जन्म र भाग्यवाद जस्ता हिन्दू धर्मका परम्परामा यहाँका कुमाल जातिको दृढ विश्वास रहेको छ ।
मेघौलीका कुमाल जातिले शिव, गणेश, विष्णु, राम, कृष्ण, दुर्गा,लक्ष्मी आदि देवी-देवतालाई मान्दछन् । सत्यनारायणको पूजा लगाउने, लाखवत्ति बाल्ने, चौतारी चिन्ने, वरपिपल सार्ने जस्ता कार्यलाई धार्मिक कृत्य सम्झन्छन् । [21]

### ३.८.२ परम्परागत विश्वास

मेघौलीका कुमालहरू परम्परागत मान्यतामा विश्वास राख्छन् । समाजमा चेतनाको कमि छ । भुतप्रेत, लागोभागो, बोक्सी, लामा झांक्री, देवीदेवताको भाकल आदिजस्ता अन्धविश्वास अझै प्रवल रूपमा विद्यमान देखिन्छ । दुःख कष्ट पर्दा देवी देवतालाई भाकल गर्ने र बलि चढाउने जस्ता प्रवृत्तिहरू छन् । बिरामी भएको बेला अस्पताल लगी औषधोपचार गर्नुको सट्टा भूतपिशाचलाई पानी मन्साउने, लामाझाँक्री बोलाएर धामी बसाल्ने, बोक्सी बकाउने, मसान फाल्ने, कुखुरा काट्ने, झारफुक गर्ने, आदि कुरामा मेघौलीका कुमालहरूको विश्वास रहेको छ । [22]

---

21 **स्रोतव्यक्ति** ***कुमाल शंकार ओझा*** मेघौली-१, लौखरी चितवन ।
22 **स्रोतव्यक्ति** ***कुमाल शंकर ओझा*** मेघौली-१, लौखरी, चितवन ।

### ३.८.३. नाग-नागिनीको पूजा

मेघौलीका कुमालहरूले नागनागिनीलाई भूमिदेवताको प्रतीक सम्झन्छन् । बाढी, पहिरो, भुक्षय, आदि प्राकृतिक प्रकोपबाट घर तथा जग्गा जमीनको सुरक्षा होस् भन्ने उद्देश्यले यस्तो पूजा गरिन्छ । नागहरू अनेक प्रकारका र अनेक नाम भएका हुन्छन् र ती रिसाए भने खेतबारीमा पहिरो जाने, घरमा वज्र पर्ने, मानिसलाई कुजो बनाउने, लुलो लङ्गडो वा अपाङ्ग बनाउने, शरीर चर्चरी चिरिने, फोका उठ्ने जस्ता अनेक समस्या उत्पन्न हुन्छन् भन्ने विश्वास मेघौलीवासी कुमालहरूको छ । तसर्थ यी सबैखाले समस्याको रोकथामका लागि उनीहरूले नागपूजा गर्ने गर्दछन् ।[23]

### ३.८.४ चण्डी पूजा

मेघौलीको कुमाल समाजमा वैशाखी पूर्णिमाका दिन चण्डीदेवीको पूजा बडो धुमधामसँग मनाउँछन् । यो पूजामा चेलीवेटी, कुलकुटुम्ब सबै भेला हुने गर्दछन् । प्रत्येक घरवाट चण्डीदेवीको नाउँमा एकएकवटा कुखुरा बलि चढाउने गरिन्छ । पूजारीले चण्डीदेवीको थानमा लिपपोत गरी सफा बनाउँछ, दियो कलश पूजा गर्छ, लिङ्गामा ध्वजापताका बाँधिदिन्छ र कुखुरा काटेर बलि चढाउँछ । कुखुरा काट्दा भालेपोथी मिलाएर काट्नुपर्दछ । बाटाघाटामा हिंडडुल गर्दा बालवच्चाको रक्षा होस् भन्ने उद्देश्यले यो पूजा वर्षेपिच्छे मनाउने गरिन्छ । यो पूजा व्यक्तिगत नभएर सामूहिक हुने गर्दछ ।[24]

## ३.९ मेघौलीका कुमालहरूमा पर्वगीत गायन परम्परा

मेघौलीको कुमाल समाजमा पर्वगीत गायनको परम्परा समृद्ध छ । यहाँका कुमालहरूमा मुख्यतया दशै., तिहार, कृष्णाष्टमी, तीज, ठूलो एकादशी, फागुपूर्णिमा र रामनवमीलाई चाडपर्वका रूपमा मनाउने र ती सबै पवहरूमा पर्व गीत गायनको परम्पारा छ । दशैं, तिहारका पर्वका बेला पाङ्दुरेगीत गाउने प्रचलन छ । पाङ्दुरे नृत्यगीत हो । दशैंका बेलामा गाउँका मुखिया वा ठूलाबडाका घरमा गई यो नाच देखाएर मनोञ्जनका साथै दानदक्षिणा माग्ने चलन यहाँ छ । कृष्णाष्टमीमा राधा र कृष्णका भजनगीत तथा तीजमा तीजेगीत गायन गरिन्छ । त्यस्तैगरी ठूलो एकादशीमा भजनगीत र फागुपूर्णिमामा

---

[23] **स्रोतव्यक्ति** ***कुमाल ठूलो मङ्गले*** मेघौली-१, लौखरी, चितवन ।

[24] **स्रोतव्यक्ति** ***कुमाल शंकर ओझा*** मेघौली-१, लौखरी, चितवन ।

फगुवागीत तथा रामनवमीमा रामभजन गायन गरी मनोरञ्जनका साथै भक्तिभाव प्रकट गरिन्छ । यसरी मेघौलीको कुमाल समाजमा वर्षभरिका आफ्ना चाडपर्वहरूमा पर्वगीत गायनको परम्परा रहे पनि वर्तमान युवा पिढींले त्यसप्रति उतिचासो नदेखाएकाले यो विस्तारै लोपोन्मुख बन्दैछ ।

## ३.१० निष्कर्ष

कुमाल जाति चितवनको मेघौली गाविसको हकमा एक प्राचीन जाति हो । राप्ती र नारायणी नदीको नटवर्ती क्षेत्रमा यस जातिले धेरै अगाडिदेखि बसोबास गर्दै आएको छ । यहाँका कुमालहरूको आफ्नै छुट्टै सँस्कार र चालचलन छ । जन्मदेखि मृत्यसम्म गरिने सामाजिक सँस्कारहरू जन्म, छैंठी, न्वारन, विवाह परम्परा, मृत्यु सँस्कार हुन् । हिन्दुधर्म मान्ने मेघौलीका कुमालहरूका मुख्य चाडपर्व दशैं, तिहार, तीज, ठूलो एकादशी, फागु फूर्णिमा र रामनवमी हुन् । चाडपर्वका बेला यिनीहरू झाम्रे गाउने र मनोरञ्जन गर्ने गर्दछन् । यिनीहरूको आफ्नैखाले वेषभूषा र भाषा सँस्कृति भए पनि हाल आएर विस्तारै लोप हुँदै गएको छ । पुरानो पुस्ता सकिदै जानु नयाँ पुस्ताले त्यति चासो नदेखाउनु यसको मुख्य कारण हो । मेघौलीका कुमालहरूको मुख्य पेशा कृषि हो । तर हाल आएर नोकरी, व्यापार, व्यवसाय आदिजस्ता अन्यान्य पेशातर्फ पनि उनीहरू लाग्न थालेका छन् । मेघौलीका कुमालहरूको सामाजिक सांस्कृतिक परम्पराले उनीहरूको लोकगीत गायनको परम्परालाई जीवन्त पारेको छ । उनीहरू चाडपर्वका बेला विभिन्न लोकगीतहरू गाउँछन् । दशैं तिहारका बेला पाङ्दुरेगीत गाउँछन् । यहाँ सङ्कलित गीतमा अन्तर्निहित तत्व एवम् भावका आधारमा पाङ्दुरेगीत सात प्रकारका छन् । कृष्णाष्टमीमा राधाकृष्णको स्तुति गरिएका तीन प्रकारका भजनगीत गाइन्छन् । तीजमा दुई प्रकारका तीजेगीत तथा ठूलो एकादशीमा दुई प्रकारका भजनगीत गाइन्छन् । फागुपूर्णिमामा चार प्रकारका फगुवागीत र रामनवमीमा तीन प्रकारका रामभजनको गायन हुन्छ । यसरी हरेक पर्वमा पर्व सुहाउँदा लोकगीत गायनको परम्परा मेघौलीबासी कुमालहरूमा छ ।

चौथो परिच्छेद

# चितवनको मेघौली गाविसका कुमाल जातिमा प्रचलित पर्वगीतहरूको अध्ययन

# चौथो परिच्छेद
# चितवनको मेघौली गाविसका कुमाल जातिमा प्रचलित पर्वगीतहरूको अध्ययन

## ४.१ मेघौलीका कुमाल जातिमा प्रचलित पर्वगीत

चितवन जिल्लाको मेघौली गाविस कुमालहरूको सघन बसोबास रहेको क्षेत्र हो । यहाँका कुमालहरूले आफ्ना चाडपर्वहरूमा बिशेषखाले गीत गाउने गर्दछन् । यस्ता पर्वविशेषमा गाइने गीतलाई पर्वगीत भनिन्छ । मनका हर्ष, विस्मात आदिजस्ता भाव अभिव्यक्त गरी मनोरञ्जनका साथै ईश्वरभक्तिसमेत प्रकट गर्न यहाँका कुमालहरू पर्वगीत गाउँछन् ।

दशैं, तिहार, तीज, कृष्णाष्टमी, ठूला एकादशी, फागुपूर्णिमा र रामनवमी यहाँका कुमालहरूका मुख्य चाडपर्व हुन् । दशैं, तिहारका अवसरमा गाइने पर्वगीतलाई पाङ्दुरेगीत भनिन्छ । तीजमा कुमाल नारीहरू तीजेगीत गाउँछन् भने ठूलो एकादशी र रामनवमीमा भजन स्वरूपमा पर्वगीत गाउँछन् । फागुपूर्णिमा अवसरमा होलिगीत गाएर मनोरञ्जन गर्दछन् । यसरी आफ्ना चाडपर्व बिशेषमा पर्वगीतको गायन गर्ने परम्परा मेघौलीवासी कुमालहरूको वैशिष्ट्य हो ।

## ४.२ दशैं र तिहारमा गाइने गीत

मेघौलीको कुमाल समाजमा दशैं र तिहारका अवसरमा विशेष सजधजका साथ नाचगान गर्ने प्रचलन छ । यस अवसरमा प्रस्तुत गरिने नाचलाई पाङ्दुर नाच र सो नाचको नामका आधारमा सो नाचसँग गाइने गीतलाई पाङ्दुरे गीत भन्ने चलन छ । यसमा गाउने, बजाउने र नाच्नेहरूको निश्चित व्यवस्था हुन्छ । गुरूवा, मादले, विजाबारे (पुरसिङ्गे) र मारूनीलाई विशेषरूपले सजाएर यो नाचको प्रदर्शन गरिन्छ । गाउँको ठूलो मान्छे वा जिम्दारको घरमा देखाइने यो नाचमा सर्वप्रथम बरौंनी (देवताको स्तुति) गरिन्छ । यसमा धार्मिक कथानक (महाभारत, कृष्ण चरित्र, रामायण) बाट गीत गाउने र त्यसैको तालमा नाच्ने काम हुन्छ । यो नाच छोटो र लामो दुबै हुन सक्दछ । यस अवसरमा विभिन्न गीतहरू गाउने प्रचलन छ ।

## ४.२.१ बरौंनी पाङ्दुरेगीत

आSS हर शिव भयो हो असनाल
सुनैका छे भ्फरिया गङ्गाजल पानी
भयो हो असनाल ॥
आSS पुजैला राम हो दुर्गा भवानीको थान
अक्षेती चोखो जल चोखो
पुजैला राम हो मायैसरीको थान ॥
आSS पहिले जो समै जाऊँ गुरूजी हामरा
आकासय समै जाऊँ गुरूजी हामरा
पत्तालय समै जाऊँ गुरूजी हामरा
नेपालका पशुपति शरण तुमार ॥

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा दशैं-तिहारका अवसरमा गाइने पर्वगीत हो । शुभ वा माङ्गलिक कार्यको आरम्भमा इष्टदेवताको आव्हान गर्दै यो गीत गाइन्छ । दशैंमा देवीपूजा र तिहारमा लक्ष्मीपूजा आरम्भ गर्दा गाइने मङ्गलगान (स्तुति) नै यस गीतको कथ्य हो । दुर्गा भवानी, मायासरी, गुरुजी, पशुपति आदिलाई चोखो जल, फूलपाति र अक्षताले पवित्र पार्नु पर्ने र गुरुजीको शरणमा गएर आकाश, पाताल सबै दिशाका देवीदेवताको स्मरण गर्नु पर्ने कुरा गीतमा अभिव्यक्त भएको छ । सुनका भ्फारीमा गङ्गाको पवित्र जल ल्याएर शिवजीलाई अर्पण गर्दै आफू पशुपतिनाथको शरणमा गएको भावसमेत यस गीतमा अभिव्यक्त छ ।

प्रस्तुत गीत तीनवटा पद्यतिखण्डमा संरचित छ । क्रमशः तीन, तीन र चार गरी जम्मा दश पङ्क्तिभित्र गीत पूरा भएको छ । विलम्बित स्वरका आरोह अवरोहबाट इष्ट देवताको स्मरण गर्दै पङ्क्तिखण्डको उठान गरिएको छ । गीतमा नेपाली र कुमाल भाषाका साथै अन्य आगन्तुक मूलका शब्दहरूसमेत भेटिन्छन् । गीतमा प्रयुक्त असनाल शब्दले स्नान, छे शब्दले छ, पूजैला शब्दले पूजा गरौंला, हमारा शब्दले हाम्रो र तुमार शब्दले तिम्रो भन्ने अर्थ प्रदान गरेका छन् ।

स्थानगत परिवेशका रूपमा पूजास्थल, दुर्गा भवानीको थान, मायासरीको थान, आकाश, पाताल र पशुपतिनाथलाई लिइएको छ भने समयगत परिवेशका रूपमा दशैं-तिहारको समयलाई यस गीतमा चित्रण गरिएको छ ।

## ४.२.२ मूल पाङ्दुरेगीत

आSS  अब लाग्यो बरिष लिया हो गोलेनी
बाह्रै वरिषको सोमवारी औँशी लिया हो गोलेनी ॥
जसैका घरैमा चुलेसिनी माई दियै बाली उज्यालो
छोटावडा उनासय सबजना बैठना आए गुँदरी बिछ्याइदेऊ ।
बाहिर निस्क चन्द्रबाउ गुँदरी बिछ्याइदेऊ ॥
आSS नचरी लैजाउँ, नचरी लैजाउँ हरिज्यूको दुवारैमा नचरी लैजाउँ,
हरिज्यूको दुवारैमा जसुंधरा माई,
हरिज्यूको दुवारैमा नचरी लैजाउँ ॥

प्रस्तुत गीत मेघौलीका कुमालहरूले दशैं-तिहारका अवसरमा पाङ्दुरे नाच नाच्दा गाउँछन् । नाचसँगै गाइने भएकाले यो सामूहिक नृत्यगीत हो । यो गीतमा ईश्वरभक्ति र फलप्राप्तिका लागि सोमबारे औंसीको ब्रत लिनु पर्दछ भन्ने भाव अन्तर्निहित छ । गोलेनी, चन्द्रवाउ, हरिज्यू र जसुधरा माईलाई मुख्य पात्रका रूपमा गीतमा प्रस्तुत गरिएको छ । घरमा शुभ लक्षिन (शुभ लक्षण) भित्र्याउन दियो बालेर उज्यालो पार्नुपर्दछ भन्ने कुरा पनि गीतमा रहेको छ । भगवान् हरिको मन्दिरमा नचरी लगाएर हरिकिर्तन गर्नु पर्दछ, यसो गरेमा ईश्वर प्रसन्न भएर फलप्राप्ति हुन्छ भन्ने जनविश्वास यस गीतमा अभिव्यक्त भएको छ ।

प्रस्तुत गीत तीनवटा पद्यखण्डमा विस्तारित छ । क्रमशः दुई, तीन र तीन पङ्क्तिको संरचना रहेको यस गीतमा विलम्बित स्वरको आरोह र अवरोह भेटिन्छ । कुमाल भाषाकै शब्दको बाहुल्य रहेको यस गीतमा गुँदरी शब्दले गुन्द्री, चुलेसिनी शब्दले सुलक्षिणी र जसुधरा शब्दले यशोदालाई बुझाएका छन् । अन्त्यानुप्रासको सहज प्रयोग छ । गोलेनी-गोलेनी, विछ्याइदेउ-विछ्याइदेउ र लैजाउँ-लैजाउँ शब्दको आवृत्तिले गीतमा श्रृतिमधुरता थपेका छन् । मथुरा र हरिका मन्दिर परिवेशका रूपमा आएको छ ।

### ४.२.३ विरह पाङ्दुरेगीत

आSS आयो पापी जोवान, गयो पापी जोवान
ढलकी गैले हाई मन पछुताई ॥
आSS वैंश हो मरे रखुवारे
रामैज्यूको फूलैबारी सुनै हरिणीले खायो
हाँगै भाँची पातै लुछी खायो हो सुनै हरिणीले ॥
आSS एकसुरे वरिकैले जाडो पनि जाँदैन
सिमसिमे पानी लुगलुगे जाडो पनि जाँदैन ॥

प्रस्तुत गीत मेघौलीका कुमालहरूले दशैं तिहारका अवसरमा पाङदुरे नाच लगाउँदा गाउँछन् । नाचसँगै गाइने यो सामूहिक गीत हो । शुरूमा एउटाले निकाल्ने र अरुले छोप्ने यस गीतमा विरहभाव व्यक्त भएको छ । मानव-शरीरमा यौवनसँगै जवानीका सङ्केत देखिने र विस्तारै उक्त जावनी ढल्किदै गएर बुढेसकाल लाग्ने कुराको चर्चा गर्दै यौवनको आकर्षण र बुढेककालको दिक्दारीपूर्ण जीवनलाई प्रकृतिको नियतिकारूपमा स्वीकारिएको छ । बैंसको मान्छेलाई मुख्य पात्र बनाएर रचिएको यो गीत प्रश्नोत्तरको ढाँचामा छ । जवान मान्छेलाई रखुवारे बनाउँदा पनि सुनरूपी हरिणले फूलबारीमा क्षति पुऱ्याउनका कारणबारे पातलो ओढ्ने कपडाले जाडो नछेकेकाले निन्द्रा लागेको र सोही समयमा हरिणद्वारा फूलबारी क्षतिग्रस्त भएको कुरा गीतमा बिरहपूर्ण ढङ्गबाट व्यक्त गरिएको छ ।

प्रस्तुत गीत तीनवटा पद्यखण्डमा विस्तारित छ । शुरुकोमा दुई, दोस्रोमा तीन र अन्त्यको खण्डमा दुईवटा गरी जम्मा सात पङ्क्तिमा गीत पूरा गरिएको छ । प्रत्येक खण्डको थालनी बिलम्बित स्वरबाट भएको छ । गीतमा कुमाल भाषा र नेपाली भाषाका शब्दको प्रयोग मिश्रण छ । अन्त्यानुप्रासको सहज प्रयोग छ । शुरुको पङ्क्तिमा जोवान-जोवान शब्दको पुनरावृत्ति छ भने बीचका चारवटा पङ्क्तिमा अनुप्रास विचलन भएको छ । त्यस्तै गरी अन्त्यमा दुई वटा पङ्क्तिमा जाँदैन-जाँदैन शब्दलाई आवृति गरिएको छ । जोवान शब्दले यौवनलाई, गैले शब्दले गयो शब्दलाई र रखुवारे शब्दले चौकिदार/पहरेदार शब्दलाई बुझाएको छ । भगवान् रामको फूलबारी परिवेशका रूपमा आएको छ । हिउँदयामको चिसो रातको समय पनि परिवेशको रूपमा छ ।

## ४.२.४ पुत्रजन्म पाङ्दुरेगीत

आऽऽ भरत न राजाको तीनै बहिनी रानी एकु पुत्र नाइ ।
ए धरमको लगिले वरपीपल सारे तव होला पुतर ॥
ए धरमको लगिले चौतारा पिटे तब होला पुतर ॥

प्रस्तुत गीत मेघौलीको कुमाल समाजमा दशैं र तिहारका अवसरमा गाइने पाङ्दुरे गीत हो । पुत्र प्राप्तिका निम्ति समाजिक धार्मिक कृत्य गर्नु पर्ने विषयलाई कथ्य बनाइएको छ । धर्मकर्मको काम गरेमा त्यसबाट वरत्र र परत्र दुवै सुध्रिने भएकाले वरपीपल सार्ने र चौतारो बनाउने काम गर्नु पर्दछ । पौराणिक पात्र राजा भरतलाई मुख्य पात्र बनाइएको यस गीतमा छोरो पाउनका लागि धर्मकर्म गर्नु पर्छ भन्ने अभिप्राय रहेको छ ।

गीत अति संक्षिप्त छ । यो समूह गीत हो । जम्मा तीन पङ्तीमा संरचित यस गीतको उठान बिलम्बित लयबाट भएको छ । गीतमा कुमाल भाषा र नेपाली भाषाका शब्दहरूको मिश्रित प्रयोग छ । शुरुको बाहेक बाँकी दुईवटा पङ्क्तिमा अन्त्यानुप्रासको सहज प्रयोग छ । पुतर-पुतर शब्दको आवृत्तिले गीतलाई श्रृतिमधुर बनाएको छ । गीतमा एकु शब्दले एकलाई, लगिले शब्दले उद्देश्यलाई र पुतर शब्दले छोरालाई बुझाएको छ । अत्यन्तै उपयोगी वनस्पति मानिएका वर र पीपललाई सारेर चौतारी बनाउनु धार्मिक एवम् स्वास्थ्य दुवै दृष्टिले उपयुक्त मानिन्छ । मानिसलाई समाज सेवाका माध्यमबाट धार्मिक कृत्य समेत हुने सङ्केत यसले दिएको छ ।

## ४.२.५ नदीतारनको पाङ्दुरेगीत

आऽऽ लौन चाँडै हामीलाई उतारिदेउन,
यही नदी जमुनाको पार ॥
फुटालाछि डेंगिया हामर
टुटलाछि गवना
कैसे गरी उतारिदिउँ
यही नदी जमुनाको पार ॥

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा दशैं र तिहारका अवसरमा गाइने पाङ्दुरेगीत हो । यो दोहोरी गीतको ढाँचामा संरचित छ । दुध र दही लिएर गोकुल र मथुरा गर्ने गोपिनीहरूले घटुवारेसँग आफूलाई नदी तारिदिन गरेको आग्रह र त्यसको प्रत्युत्तरमा

व्यक्त भएका भनाई यस गीतमा रहेको छ । पानीको प्रवाह धेरै भएको यमुना नदी तर्नका लागि डुङ्गाको सहारा लिनु पर्ने भएकाले गोपिनीहरूले आफूलाई छिट्टै घाट तारिदिन आग्रह गरे पनि घटुवारेले चाहिँ डुङ्गा फुटेको र बहना भाँचिएको हुनाले आफू उक्त कार्य गर्न असमर्थ भएको कुरा गीतमा अभिव्यक्त भएको छ एकातिर भने अर्कोतिर छोरीलाई विवाह गरेर टाढा खोलापारीको गाउँमा दिने र घर माइत गर्दा बाटामा अनेक कठिनाइसँग जुध्नुपर्ने पुरानो परम्पराप्रति पनि गीत लक्षित छ । नदीमा पुलको निर्माण एवम् यातायातको विकास गरी समाज परिवर्तनको सन्देश दिन समेत गीत सफल छ । गीतमा मुख्य पात्रका रूपमा घटुवारे र गोपिनीलाई उपस्थित गराइएको छ । गोपिनीका ठाउँमा घरमाइत गर्ने चेलीलाई पनि पात्रका रूपमा पाउन सकिन्छ ।

प्रस्तुत गीत दुईवटा पद्यखण्डमा संरचित छ । अघिल्लो खण्डमा दुई पङ्क्ति र पछिल्लो खण्डमा चार पङ्क्ति गरी जम्मा छ पङ्क्तिमा गीत पूरा भएको छ । गीतको थालनी विलम्बित लयबाट भए पनि बीचमा र अन्त्यमा चाहिं द्रुतलयको प्रयोग भेटिन्छ । गीतमा बढीमात्रामा कुमाल भाषाका र छिटपुट नेपाली भाषाका शब्द प्रयोग भएका छन् । उतारिदेउ शब्दले तारिदेउ भन्ने अर्थ, फुटलाछि शब्दले फुटेको छ भन्न अर्थ, टुटलाछि शब्दले भाँचिएको छ भन्ने अर्थ, डेंगिया शब्दले डुङ्गा र गवना शब्दले बहना भन्ने अर्थ दिएका छन् । अनुप्रासको सहज प्रयोग भएको छ । फुटलाछि र टुटलाछि तथा पार र पार शब्दको आवृत्तिले गीतलाई श्रुतिमधुर बनाएका छन् । परिवेशका रूपमा यमुना नदीको किनारालाई लिइएको छ ।

### ४.२.६ दानप्राप्तिको पाङ्दुरेगीत

आहो उँभो रङ्को पटुकीमा गइला दान
आहो मुसेली काट्यो धानको धमल त
आSS सुनैको थलियैमा
ओ SS यै युगैभरी यनरी दान
हारैभरी एक धानको चामल
चामलैमाथि रूपैयाँको दान
ओम्बे रोम्पे पोटारोमा सोइमा गैला दान ।

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा दशैं र तिहारका अवसरमा गाइने पाङ्दुरे गीत हो । यो नृत्यसँगै गाइने समूह गीत हो । तिहारका अवसरमा गाउँका मुखियाका घरमा भैलो खेल्ने र अनेक तरहले मुखियालाई खुशी पारेर जति सक्दो धेरै दक्षिणा माग्ने प्रचलनलाई गीतले व्यक्त गरेको छ । राणाकालीन नेपाली समाज व्यवस्था अनुसारको

जिमुवाल, मुखिया र बेठबेगारी प्रथाको झलक यस गीतमा पाइन्छ । गाउँका मुखियालाई राजाको जस्तै मान, सम्मान गर्नु पर्ने तत्कालीन समान्ती प्रथालाई गीतले उजागर गरेको छ । मुखिया र मुखियानीलाई मुख्य पात्रका रूपमा प्रस्तुत गरिएको छ । गाउँलेहरूले मुखियालाई राजाको रूपमा, मुखिनीलाई रानीका रूपमा र उनीहरूको घरलाई सिंहदरबारका रूपमा सम्मान गर्ने गरेको भाव गीतमा अभिव्यक्त भएको छ ।

प्रस्तुत गीत तीनवटा पद्यखण्डमा संरचित छ । पहिलो खण्डमा तीन पङ्क्ति र दोस्रो तथा तेस्रो खण्डमा दुई दुई पङ्क्ति गरी जम्मा सात पङ्क्तिमा गीत पूरा भएको छ । गीतको थालनी द्रुत लयमा भए पनि बीचमा बिलम्बित लयको आरोह अवरोह भेटिन्छ । अनुप्रास योजनाको सहज प्रयोग भएको छ । देउन राजै बैठक पङ्क्तिको पुनरावृत्तिले शुरुको खण्डमा, दरिवार र धररा शब्दले दोस्रो खण्डमा र पुनः देउन राजै बैठक पङ्क्तिकै आवृतिले अन्तिम खण्डमा गीतलाई श्रुतिमधुर बनाएका छन् । राजै शब्दले गाउँका मुखियालाई र सिंहदरबार शब्दले उनको घरलाई बुझाएका छन् । छिटफुट नेपाली शब्दको प्रयोग भए पनि धेरैजसो शब्दहरू कुमाल भाषाकै प्रयोग भएका छन् । परिवेशका रुपमा मुखियाको घर आँगनलाई चित्रण गरिएको छ ।

## ४.२.७ आशीष पाङ्दुरेगीत

अSS सिरी होरे सिरी
एSS राम हो रे राम
हो......नाचनेले दिएको आशीष
लाखै बरिष होस् ॥

अSS भुमि खाए थरिया
हातै लेओ मारूनी
नाचनेले दिएको आशीष
लाखै वरिष होस् ॥

अSS धन्न तिमी मुखिया
धन्न तिम्रो नाम
नाच्नेले दिएको आशीष
लाखै बरिष होस् ॥

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा दशैं-तिहारका अवसरमा गाइने पाङ्दुरेगीत हो । गाउँलेलाई रैती र मुखियालाई राजाका रूपमा प्रस्तुत गरिएको यस पर्वगीतमा नचरी

लगाइसकेपछि दानदक्षिणा लिएर घर फर्कने बेलामा आशीष दिएर हिंड्ने प्रसङ्गलाई उठान गरिएको छ । यो सामूहिक रूपमा गाइने नृत्यगीत हो । गाउँभरिका कुमाल नरनारी चाडपर्व विशेषमा मुखियाको घर जाने र त्यहीं नाचगान गरेर रमाइलो गरी चाड मनाउने मेघौलीवासी कुमालहरूको प्रचलनलाई यस गीतले उजागर गरेको छ । आफ्नो घर आएका रैतीलाई खानपिन र दानदक्षिणाले सन्तुष्ट पारेकोमा मुखियाको जस्तो नाम, उस्तै काम भनेर प्रशंसा गरिनुका साथै अर्को जन्ममा पनि यस्तै नाम र यश रहिरहोस् भन्ने कामना व्यक्त गरिएको छ । गीतको मुख्य पात्रका रूपमा चित्रण गरिएका मुखियाको उच्च प्रशंसामा नै यो आशीषगीत केन्द्रित छ ।

प्रस्तुत गीत तीनवटा पद्यखण्डमा सरंचित छ । प्रत्येक खण्डमा चार चार वटा गरी जम्मा बाह्र पङ्क्ति समाविष्ट छन् । प्रत्येक खण्डको थालनी बिलम्बित लयको आरोह अवरोहबाट भएको छ । अनुप्रास योजनाको सहज प्रयोग भएको छ । प्रत्येक खण्डको अन्त्यमा लाखै वरिष होस् । भन्ने पदावलीको आवृति भएको छ । यो आवृत्तिले समाजमा दान दिने प्रचलनलाई वढावा दिन दानवीरहरूको प्रशंसा गर्नु पर्दछ भन्ने कुरालाई पुष्टि गरेको छ । गीतमा प्रयुक्त अधिकांश शब्दहरू नेपाली मूलकै छन् । परिवेशका रूपमा गाउँका मुखियाको घरलाई प्रस्तुत गरिएको छ । मादलको तालमा सामूहिक गीतका रूपमा यो आशीषगीत प्रस्तुत गरिएको छ ।

**४.३ कृष्णाष्टमीमा गाइने गीत :** कृष्णाष्टमी पर्व पनि मेघौलीवासी कुमालहरूको मुख्य चाड मानिन्छ । यस अवसरमा उनीहरूले निम्नप्रकारका गीत गाउने गर्दछन् -

### ४.३.१ राधाज्यूको गीत

चलै हो ……………………

राधाज्यूको जीया हो जीया बाँसुरी ।

राधाज्यूको खबरी हुमु जाए

हामु कैसे जाउँ हो मथुरा

कृष्णजीको पाउ सरिया ॥

राधाज्यूको फरिया हो देउन हो बाँसुरिया

राधाज्यूको खबरी हामु जाए ।

आऽऽ हामु कैसे जाए हो मथुरा

कृष्णजीको पाउ चलिया ।

आऽऽ आउरे सुरी जय बसु बहती जुवारे ॥

प्रस्तुत गीत मेघौलीको कुमाल समाजमा कृष्णाष्टमीका अवसरमा गाइने पर्वगीत हो । यस गीतमा भगवान श्रीकृष्ण र उनकी आल्हादिनी शक्ति राधाको आत्मीय सन्बन्धलाई मुख्य विषयवस्तु बनाएर कृष्ण भजन नै मानवमुक्तिको सर्वोत्तम उपाय हो भन्ने भाव अभिव्यक्त भएको छ । नरनारी सबै मिलेर गाइने यो समूहगीत हो । कृष्ण भजनबाट वर्तमानमा सुखप्राप्ति र भविष्यमा मोक्षप्राप्ति हुने कुराप्रतिको मेघौलीवासी कुमालहरूको विश्वासलाई यो गीतले चरितार्थ गरेको छ । राधा र कृष्णलाई गीतका मुख्य पात्रका रूपमा वर्णन गरिएको यस गीतमा कृष्णको बाँसुरीको धुनकोसमेत प्रशंसा गरिएको छ ।

प्रस्तुत गीत दुई पद्यखण्डमा संरचित छ । प्रत्येक खण्डमा पाँच पाँचवटा गरी जम्मा दश पङ्क्तिभित्र गीतको समापन भएको छ । बिलम्बित लयको आरोह अवरोहसँगै गीत अगाडि बढेको छ । अनुप्रास योजना त्यति मिलेको देखिंदैन । तेस्रो र आठौं पङ्क्तिमा "राधाज्यूको खबरी हामु जाय" भन्ने उद्धरणको पुनरावृत्ति भएको छ । गीतमा कुमाल भाषा र नेपाली भाषाका शब्दहरूको छ्यासमिसे प्रयोग भेटिन्छ । 'जीया' शब्दले ब्युंझाउनु वा जगाउनु भन्ने अर्थ, 'कैसे' शब्दले कसरी भन्ने अर्थ र 'हामु' शब्दले हामी भन्ने अर्थ दिएका छन् । परिवेशका रूपमा मथुरालाई चित्रण गरिएको छ ।

## ४.३.२ रासगीत

आSS सोह्रसय गोपिनीहरूमा लडुँभाइ
आSS सात सिमरूको रूवा गोडाए
लाचे गोरीको मादली बनाए
ओ SS मलो खसको बोरलो फिँजाए
मोन्यारो मोतीको राठो ठड्याए ।

प्रस्तुत गीत मेघौली गाविसका कुमाल समाजमा कृष्णाष्टमीका अवसरमा गाइने पर्वगीत हो । यस गीतमा कृष्णलाई गोपिनीहरूका हृदयका मालिकका रूपमा चित्रण गरिएको छ । कृष्ण गोकुलमा आउने खबरले सम्पूर्ण गोपिनीहरू हर्षित भएका र उनको स्वागत सत्कारका लागि सोह्रसय गोपिनीहरू फूलमाला, गरगहना, र नरम विच्छौनाका लागि सिमलको भुवासमेत तयार पारेर प्रतिक्षारत रहेको कुरालाई गीतमा विशेष रूपले उठाइएको छ । द्वापर युगका भगवान श्रीकृष्णप्रति समर्पित यस गीतको मुख्य पात्र गोपिनीहरू हुन् त्यस्तै गरी कृष्ण स्तुति यस गीतको मुख्य विषय वस्तु हो ।

प्रस्तुत गीत जम्मा एकै पद्यखण्डमा संरचित छ । समानखाले पाँचवटा पङ्क्तिभित्रै गीत पूरा भएको छ । अनुप्रास योजनाको सहज प्रयोग भेटिन्छ । दोस्रोदेखि पाँचौसम्मका सबै पङ्क्तिमा बीचमा 'को' र अन्त्यमा 'ए' वर्णको समान प्रयोग भएको छ । 'सिमरु' शब्दले सिमल भन्ने अर्थ र 'रुवा' गोडाए शब्दले कपास तयार पारे भन्ने अर्थ प्रदान गरेका छन् । बिलम्बित लयको आरोह अवरोहमा गीत अगाडि बढेको छ । मादलको तालमा समूहमा यो गीत प्रस्तुत गरिन्छ । परिवेशका रूपमा गोकुलको चित्रण गरिएको छ । भगवान् श्रीकृष्ण मथुराबाट गोपिनीलाई भेट्न गोकुल आउने क्रममा उनकै स्वागत सत्कारका लागि यो गीतको रचना गरिएको हो ।

### ४.३.३ कृष्णजन्म गीत

आSS सालै र नालै बाले कृष्ण हो पुग्यो जमुना
हाइ मा हो सालै र नालै
हाSS सालै र नालै बाले कृष्ण पुग्यो जमुना
हाइमा सालै र नालै ॥
ओ SS मथुराको सोरो रेखी गोकुलमा पुग्यो सालै र नालै
बालो कृष्ण ओ SS पुग्यो गोकुल हो सालै र नालै ॥
सोचेन रे हो बालै फिकरी त जानी गैले हो
पहेली त श्रीकृष्ण बालै जलम भो ॥

प्रस्तुत गीत मेघौली गाविसका कुमाल समाजमा श्रीकृष्ण अष्टमीका अवसरमा गाइने पर्वगीत हो । भजन स्वरुपको यो गीत सामूहिक रूपमा गाइन्छ । द्वापर युगमा राजा कंसले आफ्ना बैनीज्वाइँ बासुदेव र देवकीलाई आफ्नै दरबारमा कैदी बनाएर उनीहरूका सबै सन्तान जन्मने बित्तिकै मार्ने गरेको प्रसङ्गकाबीच आठौं जन्म मानिएका भगवान श्रीकृष्ण जन्मनासाथ गोकुल पुगे र कंसले मार्न पाएन भन्ने सन्दर्भ यस गीतमा जोडिएको छ । हिन्दुधर्ममा आस्था राख्ने मेघौलीका कुमानलहरूले निकै भक्तिपूर्वक यो कृष्ण भजन गर्दछन् । यमुना नदी तरेर सालनालसहित गोकुल पुऱ्याइएका कृष्ण नै यस भजनगीतका मुख्य पात्र हुन् भने कृष्णस्तुति यस गीतको मुख्य विषयवस्तु हो ।

प्रस्तुत गीत तीन पद्यखण्डमा संरचित छ । क्रमशः चार, दुई र दुई गरी जम्मा आठ पङ्क्तिमा गीत पूरा भएको छ । अनुप्रास योजनाको सहज प्रयोग भेटिन्छ । प्रत्येक पङ्क्तिखण्डमा बिलम्बित लयको आरोह अवरोहले गीतलाई मिठासयुक्त बनाएको छ ।

खैंजडी, मादल र बासुरीको तालमा यो गीत गाइन्छ । परिवेशका रूपमा मथुरा, गोकुल र यमुनाको वर्णन यस भजन गीतमा गरिएको छ । असत्यमाथि सत्यको विजय भएको सुखद क्षणमा यो कृष्ण भजनको रचना भएको हो ।

## ४.४ तीजमा गाइने गीत

तीज पनि कुमाल जातिको महत्वपूर्ण चाड अन्तर्गत पर्दछ । यस पर्वमा मेघौलीका कुमालहरूले पाङ्दुरे नाच लगाउने गर्दछन् । प्रायः सबैखाले चाडपर्वमा समयको अनुकूलता हेरी यस्तो नाच लगाउने प्रचलन कुमाल समाजमा छ । पाङ्दुरे नाचका अतिरिक्त अन्य तीजेगीत पनि गाउने गरिन्छ । यस्तै तीजेगीतको केही नमुना तल प्रस्तुत गरिन्छ -

### ४.४.१ तीजेगीत-१

काँकरी फूल्यो सय वतिलैमा
केरैमा फुल्यो बुङ्गैमा ॥
पर्खन पर्ख सानेमै सासु
म पनि जान्छु डुङगैमा ॥
छे मैना भइसक्यो बाटैवीच परेको
बाटै तोरनले पारी तरेको ॥
कुनै मरिदले बाटेको तोरन
माझै मियानमा गयो परान ॥
बटौलीसम्म चलेको मटर
विसौनी बाबा पोखरा ॥
बाबाले खाने चरेसको थालमा
चुठ्ने बाबा कोपारा ॥

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा तीजका अवसरमा गाइने पर्वगीत हो । चेलीका दुःख र बिलौना मिश्रित यो गीत सामूहिक रूपमा कुमाल महिलाहरूले गाउँछन् । माइतघरमा जतिसुकै सुख सम्पत्ति भए पनि चेलीलाई पराइघर जानुपर्ने र त्यहाँ सानीमा सासुका बुहार्तनदेखि लिएर अनेकखाले यातना भोग्नुपर्ने विवश पक्षलाई गीतमा अभिव्यक्त गरिएको छ । छोरीलाई विवाह गरेर धेरै टाढाको गाउँमा दिने चलन र यातायात, सञ्चार आदिको असुविधाबाट उत्पन्न दर्दनाक परिस्थितिलाई पनि गीतको विषयवस्तु बनाइएको छ । नदी तर्न डुङ्गाको सहारा लिनुपर्ने र बाटो काट्ता साथी खोज्नुपर्ने तत्कालीन समस्यालाई

पनि गीतले छोएको छ । नारी समस्या र सामाजिक सांस्कृतिक विकार यस गीतको मुख्य कथ्य हो ।

प्रस्तुत गीत छवटा पद्यखण्डमा संरचित छ । प्रत्येक खण्डमा दुई दुईवटा पङ्क्ति गरी जम्मा बाह्र पङ्क्तिमा गीत पूरा भएको छ । गीतमा अन्त्यानुप्रास योजना निकै मिलेको देखिन्छ । गीतमा नेपाली भाषाका शबदहरू धेरै भेटिन्छन् । सानीमा सासु, बाबा र चेली स्वयम्लाई यस गीतमा पात्रका रूपमा प्रस्तुत गरिएको छ । परिवेशका रूपमा बटौली र पोखराको वर्णन गीतमा रहेको छ । माइतघर र कर्मघरलाई पनि परिवेश जनाउनकै लागि प्रयोग गरिएको भेटिन्छ । एउटी चेलीको वास्तविक पीडा र मर्म ओकल्ने यो गीत मेघौलीका कुमाल नारीहरूमा निकै प्रिय रहेको छ । गायनका सिलसिलामा मादलको प्रयोग अनिवार्य हुन्छ ।

## ४.४.२ तीजेगीत-२

शिरमा लाउने विदुली तिरथैमा छोडियो
रूँदारूँदै कैसे घर जाँऊ ।
हो मोरे सखिया रूँदैरूँदैं कैसे घर जाऊँ ॥

लिलैमा लाको टिकिया तिरथैमा छोडियो
रूँदैरूँदै कैसे घर जाऊँ ।
हो मोरे सखिया रूँदैरूँदैं कैसे घर जाऊँ ॥

कानमा लाको कुण्डल तिरथैमा छोडियो
रूँदैरूँदै कैसे घर जाऊँ ।
हो मोरे सखिया रूँदैरूँदैं कैसे घर जाऊँ ॥

आँगमा लाको बुकुवा तिरथैमा छोडियो
रूँदैरूँदैं कैसे घर जाऊँ ।
हो मोरे सखिया रूँदैरूँदैं कैसे घर जाऊँ ॥

गलैमा लाको हैकल तिरथैमा छोडियो
रूँदैरूँदैं कैसे घर जाऊँ ।
हो मोरे सखिया रूँदैरूँदैं कैसे घर जाऊँ ॥

गोडैमा लाको पैंजेजी तिरथैमा छोडियो
रूँदैरूँदैं कैसे घर जाऊँ ।
हो मोरे सखिया रूँदैरूँदैं कैसे घर जाऊँ ॥

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा तीजका अवसरमा गाइने पर्वगीत हो । चेलीका विभिन्नखाले शृङ्गार सामग्री सम्बन्धी विषयवस्तु रहेको यो गीत सामूहिक रूपमा गाइने नारी गीत हो । तीर्थगर्न जाँदा आफ्ना नाक, कान, हात, गोडा आदि विभिन्न अङ्गमा लगाउने शृङ्गार शोभा छोडिएको हुँदा उक्त वस्तु गुमाउनु पर्दाको पीडा यस गीतमा अन्तर्निहित छ । यसरी शिरको सिन्दुर, निधारको टीका, कानको कुण्डल, शरीरको बुकुवा, गलाको हार र गोडाको पाउजु सबै बिर्सेर हराउँदाको आर्थिक नोक्सानीको पीडा एकातिर देखिन्छ भने आफ्नो सुन्दरता गुमेको पीडा अर्कातिर जोडिएर गीतमा आएको छ । सबैकुरा हराएर घरजाँदा घरको टोकसो सहनुपर्ने चिन्ताले पनि चेलीलाई पिरोलेको देखिन्छ । चेली स्वयम् र उनकी साथी (सखिया) यस गीतका मुख्य पात्र र चेलीका अन्तर्मनमा उत्पन्न पीडा यस गीतका कथ्य विषय हुन् ।

प्रस्तुत गीत छवटा पद्यखण्डमा संरचित छ । प्रत्येक खण्डमा तीन तीन वटा गरी जम्मा अठार पङ्क्तिभित्र गीत पूरा भएको छ । गीतमा अनुप्रास योजनाको सहज प्रयोग भेटिन्छ । नेपाली भाषा र कुमाल भाषाका शब्दहरूको छ्यासमिसे प्रयोग भए पनि गीत बोधगम्य छ । 'बिदुली' शब्दले सिन्दुरलाई 'हैकल' शब्दले हारलाई र 'पैंजेडी' शब्दले पाउजुलाई बुझाएका छन् । प्रत्येक पङ्क्तिखण्डका अन्त्यमा आएको छोडियो र जाउँ शब्दको आवृत्तिले गीतलाई श्रृतिमधुर बनाएका छन् । मोरे सखिया भनेर आफ्नै साथीलाई सम्बोधन गरिएको यस गीतमा तिर्थलाई परिवेश बनाइएको छ तर ठाउँ किटान छैन । यो गीतको गायनमा मादल अनिवार्य मानिन्छ ।

## ४.५ ठूलो एकादशीमा गाइने गीत

कार्तिक शुल्क पक्षमा पर्ने हरिबोधनी एकादशीलाई ठूलो एकादशी पर्व भनिन्छ । यस पर्वमा मेघौलीका कुमाल जातिले भजनस्वरूपका पर्वगीतहरू गाउने गर्दछन् ।

### ४.५.१ फूलैको सेली बगारीलाई

फूलै टिपी फूलै रूप फूलैको सेली बगारीलाई ।
आSS शिवजीको मन्दिरमा फूलैको माला झलमल
ओ SS शिवजीको मन्दिरमा फूलैको माला झलमल बरै ।
आSS ओ SS फूलमा टेकी फूलैमा जाने फूलको सेलीको गरे ॥
उठ मन्दिर १ उठ मन्दिर ११
उठ उठ मन्दिर १ उठ मन्दिर ११
गादो लातो भिरेर बयेली खेल्न उठ मन्दिर ॥

प्रस्तुत गीत मेघौलीको कुमाल समाजमा कार्तिक शुक्ल पक्षमा पर्ने हरिबोधनी एकादशीका अवसरमा गइने पर्वगीत हो । भजनस्वरूपमको यो गीतमा शिवजीको मन्दिरलाई फूलमालाले सिङ्गार्ने कुराको वर्णन छ । सामूहिक रूपमा गाइने यो गीतमा कुमाल नरनारी दुबै पक्षको संलग्नता रहन्छ । गङ्गाको किनारमा भगवान शिवजीको मन्दिर स्थापना गर्ने र सोही मन्दिरमा अर्पण गर्न फूलै फूलको डोली बनाएर नाचगान बजान गर्दै रमाइलोसँग लैजाने हिन्दू परम्परालाई गीतले समेटेको छ । भक्तजनको निःश्छल भक्तिभावनाबाट मन्दिरमा राखिएको मूर्ति पनि प्रत्यक्ष रूपमा साक्षात्कार हुने र उनैको दर्शनभेटबाट भक्तजनका मनोरथ पूरा हुने विश्वास गीतमा रहेको छ । भगावन् शिवजीलाई मुख्य पात्र बनाइएको यस गीतको कथ्य शिवस्तुति हो ।

प्रस्तुत गीत दुईवटा पङ्क्तिखण्डमा संरचित छ । क्रमशः चार र तीन पङ्क्ति गरी जम्मा सात पङ्क्तिभित्र गीत पूरा भएको छ । गीतमा अनुप्रास योजनाको सहज प्रयोग भएको छ । पछिल्लो पङ्क्तिखण्डमा भएको ‘उठ मन्दिर’ पदावलिको पुनरावृत्तिले गीतलाई बढी श्रुतिमधुर बनाएको छ । धेरैजसो नेपाली भाषाका शब्द प्रयोगकाबीच छिटपुट कुमाल भाषाका शब्दको पनि प्रयोग भएको छ । बिलम्बित लयको प्रयोग छ । गङ्गाको तिर र शिवजीको मन्दिरलाई स्थानगत परिवेश र ठूलो एकादशीलाई समयगत परिवेशका रूपा चित्रण गरिएको यस गीतको गायनमा मादल र खैंजडीको प्रयोग गरिन्छ ।

## ४.५.२ फूलपाती चढाई

सरस्वती माइलाई, फूलैपाती चढाई
हाँसीहाँसी अब घर जाऊँ ।
हो मेरे साखिया हांसीहांसी अब घर जाऊँ ॥
पूरिबैको देउतालाई फूलैपाती चढाई
हाँसीहाँसी अब घर जाऊँ ।
हो मेरे साखिया हांसीहांसी अब घर जाऊँ ॥
पश्चिमैका देउतालाई फूलैपाती चढाई
हाँसीहाँसी अब घर जाऊँ ।
हो मेरे साखिया हांसीहांसी अब घर जाऊँ ॥
उत्तरैका देवतालाइ फुलैपाती चढाई
हाँसीहाँसी अब घर जाऊँ ।

हो मेरे साखिया हांसीहांसी अब घर जाऊँ ॥

दक्षिणैका देवतालाइ फुलैपाती चढाई

हाँसीहाँसी अब घर जाऊँ ।

हो मेरे साखिया हांसीहांसी अब घर जाऊँ ॥

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा हरिबोधनी एकादशी पर्वका अवसरमा गाइने पर्वगीत हो । भजनस्वरूपको यो गीतमा कुमाल नरनारी दुवै पक्षको संलग्नता हुने भएकाले यो सामूहिक गीत हो । गीतको शुरुमा सरस्वतीमातालाई स्मरण गर्दै सभक्ति फूलपाती चढाएर स्तुति गरौं भनी आव्हान गरिएको छ । त्यसपछि क्रमैसँग पूर्व, पश्चिम, उत्तर र दक्षिण चारै दिशाका देवीदेवतालाई फूलपाती अर्पण गरेर नाच्दै गाउँदै आ-आफ्ना घर फर्कौ भनेर समूहमा संलग्न साथी सङ्गीहरूलाई आव्हान गरिएको छ । सरस्वती र चारै दिशाका देवी-देवतालाई मुख्य पात्र बनाइएको यस गीतको कथ्य देवस्तुति हो ।

प्रस्तुत गीत पाँच पद्यखण्डमा संरचित छ । प्रत्येक खण्डमा तीन वटा पङ्क्ति गरी जम्मा पन्ध्र पङ्क्तिमा गीत पूरा भएको छ । गीतमा अनुप्रास योजनाको सहज प्रयोग भेटिन्छ । पङ्क्तिका अन्त्यमा चढाइ, चढाइ र जाउँ, जाउँ शब्दको आवृत्तिले गीतमा श्रुतिमधुरता र लयात्मकता थपिएको छ । अधिकांश नेपाली भाषाका शब्द प्रयोग र छिटपुट रूपमा कुमाल भाषाका शब्दको प्रयोग भेटिन्छ । गीतमा 'मोरे' शब्दले मेरा भन्ने अर्थ र 'सखिया' शब्दले साथीसंगी भन्ने अर्थ प्रदान गरेका छन् । तीर्थस्थललाई स्थानगत परिवेशका रूपमा चित्रण गरिएको छ । मादलको तालमा यो गीत गाइन्छ ।

**४.६ फागुपूर्णिमामा गाइने गीत** मेघौलीको कुमाल समाजमा फागुपूर्णिमालाई पनि ठूलो चाडका रूपमा मनाउने गरिन्छ । यस पर्वमा गाइने गीतहरू तल प्रस्तुत गरिन्छ -

### ४.६.१ अबिर माग्ने गीत-१

आSS पूरीवै दिशा आऐला जनती उपरा बैसिरहे

उपरा बैसिकन रानपिया सोमीपरदिसिया

सोमियाको अविरले मा रङ्ग देउ ।

आSS पश्चिमै दिशा आऐला जनती...............

आSS उत्तरै दिशा आऐला जनती...............

आSS दक्षिण दिशा आऐला जनती...............

आSS आकाशै दिशा आऐला जनती...............

आSS पातालै दिशा आऐला जनती...............

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा फागुपूर्णिमाका अवसरमा गाइने पर्वगीत हो । फगुवा स्वरूपको यो गीत सामूहिक रूपम गाइन्छ । कुमाल नरनारी दुवै पक्षको यसमा संलग्नता हुने गर्दछ । गाउँका मुखिया र धनि मानिसका घरमा गाउँलेहरू फागु खेल्न जानुपर्ने र विधिवत रूपमा घरमूलीबाट अबिर मागेपछि मात्रै फगुवा खेल शुरू हुने मेघौलीवासी कुमालहरूको परम्परालाई यस गीतमा वर्णन गरिएको छ । पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै दिशाबाट आएका फगुवा टोलीले घरमूलीसँग शीघ्रतिशीघ्र अबिर प्राप्तिको अपेक्षा राख्नु यस गीतको मुख्य कथ्य विषय हो । फगुवा टोली र घरमूलीलाई यहाँ पात्रका रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत गीत ६ वटा पद्यखण्डमा संरचित छ । अघिल्लो खण्डमा तीन पङ्क्ति र बाँकी सबै खण्डमा एक एक पङ्क्ति गरी जम्मा आठ पङ्क्तिमा गीत पूरा भएको छ । गीतमा अनुप्रास योजनाको सहज प्रयोग छ । बिलम्बित लयको आरोह अवरोहले गीतलाई सजाएको छ । गीतमा कुमाल भाषा र नेपाली भाषाका शब्दहरूको छ्यासमिसे प्रयोग पाइन्छ । गीतमा प्रयुक्त 'आऐला' शब्दले आएका भन्ने अर्थ, 'उपरा' शब्दले माथि भन्ने अर्थ र 'वैसिरहे' शब्दले बसिराख भन्ने अर्थ प्रदान गरेका छन् । यो गीत मादलको तालमा गाइन्छ । स्थानगत परिवेशका रूपमा होली खेल्ने ठाउँ (मुखियाको घर) र समयगत परिवेशका रूपमा फागुपूर्णिमालाई गीतले परिवेश चित्रण गरेको छ ।

## ४.६.२ अबिर माग्ने गीत-२

आऽऽ शिरै खाए शिरफूला शिरैमा लालसुवा
लालसुवा लालासुवा फागुन मैनामा अविर घसुवा ।
लिलै खाए टिकिया लिलैमा लालसुवा
लालसुवा लालसुवा फागुन मैनामा अविर घसुवा ।
नाकै खाए नथुवा ..........................
कानै खाए ढुंगरी ..........................
गलै खाए हैकल ..........................
आङै खाए चोलिया ..........................
कुमै खाए घलेकी ..........................
कम्मर खाए पटुकी ..........................
हातै खाए चुरिया ..........................

औँली खाए मुदरी ..........................

गोडा खाए पैजडी..........................

आSS पूरिवै दिशा आऐला जनती वैश आँगनी

वैस आँगनी ओ वैस आँगनी

वैस आँगनी ओ वैश आँगनी सुनैरूपे दक्षिणा देउ व्रमानी ॥

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा फागुपूर्णिमाका अवसरमा गाइने पर्वगीत हो । फगुवा स्वरूपको यो गीत सामूहिक रूपमा गाइन्छ । कुमाल नरनारी दुवै पक्षको यसमा संलग्नता हुने गर्दछ । गाउँका मुखियाका घरमा फागु खेल्न गएपछि सर्वप्रथम घरमूलीबाट अबिर माग्नु पर्दछ । यसरी अबिर माग्दा घरमूलीलाई गीतैगीतले रिझाएर खुशी नपारेसम्म उसले अबिर दिँदैन । घरमूलीका हातबाट अबिर नपाएसम्म उक्त घरमा फगुवा खेल्ने अनुमति हुँदैन । यसरी विधिवत रूपमा अबिर माग्नका लागि यो गीत गाइन्छ । शिरदेखि पाऊसम्म लगाउने प्रत्येक वस्तु क्रमशः शिरफूल, टिकिया, नथुवा, ढङ्गरी, हैकल (हार), चोलिया, घलेक, पटुका, चुरा, औंठी र पाउजु आदि वस्तुले अङ्गभागलाई शोभायमान बनाएका भए पनि अबिरको अभावले शोभा बढ्न सकेन तसर्थ छिट्टै हामीलाई अबिर दिएर फागु खेल्ने अनुमति दिनुहोस् भन्ने भाव यस गीतमा अन्तर्निहित छ । घरमूली र फगुवा टोलीलाई मुख्य पात्र बनाइएको यस गीतमा अबिर माग्ने काम मुख्य कथ्य विषय हो ।

प्रस्तुत गीत बाह्र पद्यगुच्छामा संरचित छ । शुरुका दुईवटा गुच्छामा दुई दुई पङ्क्ति रहेका छन् भने त्यसपछिका पङ्क्ति गुच्छाहरू संक्षिप्त रूपमा आएका छन् । जसमा केवल एक एक पङ्क्तिको संरचना छ । यस्तै गरी अन्तिमको पङ्क्ति खण्डमा तीनवटा पङ्क्ति रहेका छन् । गीतमा बिलम्बित लयको आरोह अवरोह रहेको छ । कुमाल भाषाका शब्द धेरै र नेपाली भाषाका शब्द केही कम प्रयोग भएका छन् । अन्त्यानुप्रास योजनाले गीतलाई श्रुतिमधुर बनाएको छ । मादलको तालमा यो गीत गाइन्छ । गीतमा स्थानगत परिवेशका रूपमा मुखियाको घर र समयगत परिवेशका रूपमा फागुपूर्णिमालाई चित्रण गरिएको छ ।

### ४.६.३ चिट पोल्दाको गीत

आSS भैरमके थानमा छिलिमछालिम

भैरमके थानमा छिलिमछालिम ।

सुन हो सुन भैरमके लाल सुन

भैरमके थानमा लाला पोगीया ॥

आSS भैरमके थानमा लिपिन पोतिन

हो सुन हो सुन भैरमके थानमा लाला पोगीया ॥
आऽऽ भैरमके थानमा धुप चढाईँ
हो सुन हो सुन भैरमके थानमा लालपोगीया ॥
आऽऽ भैरमके थानमा अक्षती चढाईँ
हो सुन हो सुन भैरमके थानमा लालपोगीया ॥
आऽऽ भैरमके थानमा धजा चढाईँ
हो सुन हो सुन भैरमके थानमा लालपोगीया ॥
आऽऽ भैरमके थानमा दिरिप चढाईँ
हो सुन हो सुन भैरमके थानमा लालपोगीया ॥

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा फागुपूर्णिमाका अवसरमा गाइने पर्वगीत हो । भजन स्वरूपको यो गीत सामूहिक रूपमा गाइन्छ । फागुपूर्णिमाका अवसरमा विधिपूर्वक चिट पोल्ने काम हुन्छ । यसरी चिट पोल्दा खर र बाँसको एउटा झाप्रो निर्माण गरिन्छ र उक्त झाप्रोभित्र पूजा विधि सम्पन्न गरिन्छ । धुप, दीप, अक्षता, धजा आदि अर्पण गरेर पूजा समापन भएपछि उक्त झाप्रोमा आगो लगाएर पोलिन्छ । यसरी विधिपूर्वक चिट पोल्दाको कार्य यस गीतको मुख्य कथ्य विषय हो । भैरम देवतालाई मुख्य पात्रका रूपमा प्रस्तुत गरिएको छ । सर्वप्रथम पूजास्थानलाई लिपपोत, बढार कुढार गरी चोखो पारेपछि अक्षता, फूल, धूप, दीप, धजा आदि अर्पणगर्दै भैरम देवता प्रशन्न भइदिन गरिएको आग्रह यस गीतमा अन्तर्निहित छ ।

प्रस्तुत गीत ६ वटा पद्यखण्डमा संरचित छ । शुरुको पङ्क्तिमा चारवटा र बाँकी सबै खण्डमा दुई दुईवटा गरी जम्मा चौध पङ्क्तिमा गीत पूरा भएको छ । गीतमा अनुप्रास योजनाको सहज प्रयोग भएको छ । बिलम्बित लयको आरोह अवरोहले गीतलाई श्रुतिमधुरता प्रदान गरेको छ । गीतमा कुमाल भाषा कै शब्दको आधिक्य छ । गीतमा प्रयुक्त 'छिलिमछालिम' शब्दले 'बढार कुँढार' भन्ने अर्थ, 'लिपिन पोतिन' शब्दले लिपपोत भन्ने अर्थ र 'दिरप' शब्दले दियो बत्ती भन्ने अर्थ प्रदान गरेका छन् । यो गीत मादलको तालमा गाइन्छ । स्थानगत परिवेशका रूपमा चिट पोल्ने स्थान र समयगत परिवेशका रूपमा फागुपूर्णिमालाई गीतले परिवेश चित्रणमा देखाएको छ ।

## ४.६.४ गङ्गाजीमा अबिर पखाल्ने गीत

आऽऽ थुंगे सरिल फूल फुल्यो गङ्गाजी चढाएँ
जय जय दर्शन पाऊँ
गङ्गाजी जय जय दर्शन पाँऊ ॥
आऽऽ मखमली फूल फुल्यो गङ्गाजी चढाएँ
जय जय दर्शन पाऊँ ॥
आऽऽ सूर्यमण्डल फूल फुल्यो गङ्गाजी चढाएँ
जय जय दर्शन पाम
गङ्गाज्यू जय जय दर्शन पाम ॥

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा फागुपूर्णिमाका अवसरमा गाइने पर्वगीत हो । भजन स्तुति स्वरूपको यो गीत फागु खेलिसकेपछि अबिर पखाल्न नदीनालामा गएर गाउने गरिन्छ । यो सामूहिक गीत हो । यसमा गङ्गाको स्तुति गरिएको छ । थुङ्गे, मखमली, सूर्यमण्डल आदि थरिथरिका फूलहरू अर्पण गरेर गङ्गाजीको स्तुति गर्नुनै यस गीतको कथ्य विषय हो । मुख्य पात्रका रूपमा पनि गङ्गाजीलाइनै उभ्याइएको छ । उन्मूक्तसँग खेलिएको होलीको रङ् पखाल्न र शरीर सफागर्न आफ्नो गाउँ नजिकै रहेको नारायणी नदीमा गई कार्य सम्पन्न गर्ने मेघौलीवासी कुमालहरूको चलनलाई यो गीतले चरितार्थ गरेको छ ।

प्रस्तुत गीत तीनवटा पद्यखण्डमा संरचित छ । शुरुको खण्डमा तीनवटा, दोस्रोमा दुईवटा र तेस्रोमा तीनवटा गरी जम्मा आठ पङ्क्तिमा गीत पूरा भएको छ । अनुप्रास योजनाको सहज प्रयोग भएको छ । बिलम्बित लयको आरोह अवरोहले गीतलाई श्रुतिमधुर बनाएको छ । चढाएँ चढाएँ र पाऊँ पाऊँ शब्दको आवृत्तिले गीतमा अन्त्यानुप्रास मिलेको छ । कुमाल भाषा र नेपाली भाषाका छ्यासमिसे शब्दहरूद्वारा गीत निर्मित छ । यो गीत मादलको तालसँग गाइन्छ । स्थानगत परिवेशका रूपमा नदीकिनारलाई र समयगत परिवेशका रूपमा फागुपूर्णिमालाई गीतले परिवेश चित्रणमा देखाएको छ ।

## ४.७ रामनवमीमा गाइने गीत

चैत्र शुक्ल पक्षको नवमी तिथीमा पर्ने रामनवमी पर्व पनि कुमाल जातिको एउटा मुख्य चाडपर्व नै हो । त्रेता युगका मर्यादा पुरूषोत्तम भगवान रामचन्द्रको जन्म प्रसङ्गसँग सम्वन्धित यस पर्वमा कुमाल जातिका नरनारीहरूले भगवान रामको व्रत, उपसना, पूजा, आरधाना, भजनकिर्तन आदि कृत्य गर्दछन् । भजन स्वरूपका लोकगीत गाउने र नाच्ने

परम्परा पनि कुमाल जातिमा अध्यावधि देख्न सकिन्छ । हिन्दुहरूको पवित्र धर्मग्रन्थ रामायणको कथावस्तुमा आधारित यस्ता भजन स्वरूपका गीतहरू तल प्रस्तुत गरिएका छन्-

### ४.७.१ राम भजन-१

आऽऽ दशरथ राजाको दरबार
आज देखुन नगरी वनै ॥
आऽऽ दशरथ राजाको दिदी र बहिनी
दुबैजना अनदा र अनदी ॥
एऽऽ एकुपट्टि अनदी
एऽऽ एकुपट्टि अनदा ॥
मरे बालु कर्म र पानी यो लाग्यो प्यास
आऽऽ एकुपट्टी अनदी ॥
आऽऽ लटपट पासकी झ्वाइ बनाई
धनुष बाँसकी वैया बनाई ॥

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा रामनवमी (चैते दशैं) का अवसरमा गाइने पर्वगीत हो । यो गीत समूहमा गाइन्छ । रामनवमीका अवसरमा गाइने रामभजन भएता पनि यस गीतभित्र रामको नाम कतै पनि उल्लेख छैन । यसमा दशरथ राजाको शिकार प्रसङ्ग र आफ्ना अन्धाअन्धी दिदी बहिनीलाई खर्पनमा बोकेर तिर्थाटन गराएको विषय गीतको कथ्य बनेर आएका छन् । पौराणिक ग्रन्थ रामायणसँग पूरै मेल नखाए पनि यो गीतले धार्मिक विषयसँग नजिकको सम्बन्ध राख्दछ । **कालिदास रचित रघुवंशमा** श्रवणकुमारले आफ्ना अन्धा बाबुआमालाई तिर्थ गराउन भारमा बोकेर हिंड्दा पानीको कुवामा उनलाई वाण लागेर मृत्यु भएको प्रसङ्ग उल्लेख भए पनि यस गीतले दशरथ स्वयम्ले बोकेर हिंडेको कुरा प्रस्तुत गरेको छ । राजा दशरथ र अन्धा अन्धीलाई गीतका मुख्य पात्रका रूपमा उभ्याएको छ ।

प्रस्तुत गीत पाँचवटा पद्यखण्डमा संरचित छ । प्रत्येक पङ्क्तिखण्डमा दुई दुईवटा गरी जम्मा दशवटा पङ्क्तिभित्र गीत पूरा भएको छ । बिलम्बित लयको आरोह अवरोहले गीतलाई श्रुतिमधुर बनाएको छ । कुमाल भाषा र नेपाली भाषाका शब्दको छ्यासमिसे प्रयोग गीतमा भेटिन्छ । यो गीत मादलको तालमा गाइन्छ । स्थानगत परिवेश नगरवन र समयगत परिवेश चैतेदशैंको रामनवमीलाई गीतले परिवेश चित्रणमा वर्णन गरेको छ ।

### ४.७.२ राम भजन-२

तमु रच्छे गरे सरस्वती माई
हमु खेल्छौं रामको नाम ॥
फुलपाती हातै लिई
सरस्वती माइलाई ॥
तमु रच्छे गरे सरस्वती माई
हमु खेल्छौं रामको नाम ॥
केकइको खेलले रामज्यूलाई बनीबास
भरतलाई मिल्यो रजाइँ ॥
अयोध्यापुरी शुन्य भयो
दशरथ राजा मुर्छा पऱ्यो ॥
केकईको खेलले रामज्यूलाई बनीबास
भरतलाई मिल्यो रजाइँ ॥

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा रामनवमी (चैते दशैं) का अवसरमा गाइने पर्वगीत हो । भजन स्वरूपको यो गीत समूहमा गाइन्छ । कैकेयीका जालले गर्दा रामचन्द्र वनवास जानु परेको र यही पीरले राजा दशरथ मुर्छा परेको प्रसङ्ग गीतको कथ्य विषय बनेर आएको छ । सरस्वतीको स्मरणबाट उठान गरिएको यस गीतमा सरस्वती, राम, दशरथ, कैकेयी र भरतलाई पात्रका रूपमा उभ्याइएको छ। पौराणिक ग्रन्थ रामायणको कथावस्तुसँग मेलखाने घटना र पात्रहरूले गर्दा गीतलाई बढी वास्तविक बनाएको छ । रामको वनवास गमनबाट राजपरिवार र सिङ्गो देशै शोकमग्न भएको कुरा गीतमा अभिव्यक्त भएको छ ।

प्रस्तुत गीत ६ वटा पङ्क्तिखण्डमा संरचित छ । प्रत्येक खण्डमा दुई दुईवटा गरी जम्मा बाह्र वटा पङ्क्तिमा गीत पूरा भएको छ । गीतमा अनुप्रास योजनाको सहज प्रयोग भेटिन्छ । द्रुत लयको प्रयोग गीतमा भेटन सकिन्छ । कुमाल भाषा र नेपाली भाषाका शब्दहरूको छ्यासमिसे प्रयोग भए पनि गीत बोधगम्य छ । यो गीत खैंजडी र मादलको तालमा गाइन्छ । स्थानगत परिवेशका रूपमा अयोध्यापुरीलाई र समयगत परिवेशका रूपमा रामनवमीलाई गीतमा चित्रण गरिएको छ ।

### ४.७.३ राम भजन-३

रामको बारी फूलको घारी
सुनबुट्टै हरिनले खाइ ॥
लायो मोहनी सीतामाईलाई
सुनबुट्टै हरिनले खेलै देखाई ॥
रामको बारी फूलको घारी
सुनबुट्टै हरिनले खाइ ॥
मरनुभयो राम मरनुभयो
हरिनको सम्झनाले मरनुभयो ॥
फूलबारीको हरिनलाई
सम्झीसम्झी राम मरनुभयो ॥
मरनुभयो राम मरनुभयो
हरिनको सम्झनाले मरनुभयो ॥
साँझको बेला अपसगुन परला
हरिनमा मन नलगाऊ ॥
दिनै ढल्यो रातै चढ्यो
हरिनको पिछा लाग्न कर नलगाऊ ॥
सांझको बेला अपसगुन परला
हरिनमा मन नलगाऊ ॥

प्रस्तुत गीत मेघौलीका कुमाल समाजमा रामनवमीका अवसरमा गाइने पर्वगीत हो । भजन स्वरूपको यो गीत समूहमा गाइन्छ । रामको फूलबारीमा सुनरूपी हरिणले नोक्सान पुऱ्याएको र उक्त सुनौलो हरिणलाई देख्दा सीतालाई आशक्ति बढेर आई रामसँग जसरी भए पनि सो हरिण मारेर ल्याइदिन आग्रह गरेको पौराणिक प्रसङ्ग यस गीतको कथ्य विषय बनेर आएको छ ।  भगवान् राम, सीता र हरिणलाई गीतका मुख्य पात्रका रूपमा वर्णन गरिएको यस गीतमा शङ्कास्पद वस्तुप्रति मोहित हुँदा त्यसबाट नकारात्मक परिणाम जन्मन सक्ने कुराप्रति पनि सङ्केत गरिएको छ । सीताले रामसँग गरेको अति जिग्रहका जवाफमा रामबाट अभिव्यक्त विचारले गीतमा यस कुराको पुष्टि गराउँछ ।

प्रस्तुत गीत नौवटा पद्यखण्डमा संरचित छ । प्रत्येक खण्डमा दुई दुईवटा गरी जम्मा अठार पङ्क्तिभित्र गीत पूरा भएको छ । गीतमा द्रुतलयको प्रयोग भेटिन्छ । अनुप्रास योजनाको सहज प्रयोग भएको यस गीतमा नेपाली भाषाका शब्दकै प्रयोग बढी पाइन्छ ।

गीतमा सरलता र बोधगम्यता रहेको छ । मादल र खैंजडीको तालसँगै यो गीत गाइन्छ । स्थानगत परिवेशका रूपमा रामको फूलबारी र समयगत परिवेशका रूपमा साँझको समयलाई परिवेश चित्रणमा उपस्थित गराइएको छ ।

## ४.८ निष्कर्ष

चितवनको मेघौली गाविसका कुमाल समाजमा चाडपर्वमा पर्वगीत गाउने प्रचलन छ । दशैं, तिहार, तीज, कृष्णाष्टमी, ठूलो एकादशी, फागुपूर्णिमा र रामनवमी मेघौलीका कुमालहरूका मुख्य चाडपर्व हुन् । दशैंतिहारमा पाङ्दुरे गीत गाइन्छ । यो नृत्यगीत हो । यहाँको कुमाल समाजमा सात प्रकारका पाङ्दुरेगीतहरू प्रचलनमा छन् । गीतको कथ्यभावका आधारमा यी गीतलाई बर्गौनी पाङ्दुरे, मूल पाङ्दुरे, बिरह पाङ्दुरे, पुत्रजन्म पाङ्दुरे, नदीतारनको पाङ्दुरे, दानप्राप्तिको पाङ्दुरे र आशीष पाङ्दुरेका नामबाट चिनिन्छ । यहाँ सङ्कलित सात प्रकारका पाङ्दुरेगीतमा एक पद्यखण्डदेखि तीन पद्यखण्डसम्मका, प्रत्येक खण्डमा दुईदेखि चारपङ्क्तिसम्म र कूल तीनदेखि वाह्र पङ्क्तिसम्मको संरचना छ । गायन र सहभागिताका आधारमा एकल र समूहगीत तथा  कथ्यका आधारमा देवस्तुति, बिरहभाव र आशीषगीत रहेका छन् । परिवेशका आधारमा पूजास्थल, फूलबारी, नदी, घर र चौतारीलाई चित्रण गरिएको छ ।

कृष्णाष्टमीको अवसरमा राधाज्यूको गीत, रासगीत र कृष्णजन्म गीत गरी तीन प्रकारका भजनगीत गाइन्छन् । यी गीतहरूमा एक पद्यखण्डदेखि तीन पद्यखण्डसम्मका, प्रत्येक खण्डमा दुईदेखि पाँचपङ्क्तिसम्म र कूल पाँचदेखि दशपङ्क्तिसम्मको संरचना छ । गायन र सहभागिताका आधारमा यी सबै गीतहरू समूह गीत हुन् । कथ्यका आधारमा तीनवटै भक्तिभाव व्यक्ति भएका गीत हुन् । परिवेशका रूपमा गोकुल र मथुराको चित्रण गरिएको छ ।

तीजका अवसरमा दुई प्रकारका तीजेगीत गाइन्छ यी गीतहरुमा ६/६ वटा पद्यखण्ड र प्रत्येक खण्डमा दुईदेखि तीन पङ्क्तिसम्म तथा कूल वाह्रदेखि अठार पङ्क्तिसम्मको संरचना छ । सहभागिताका अधारमा यी दुवै नारी समूहगीत हुन् । कथ्यका आधारमा चेलीका विलौना र परिवेशका आधारमा नदी र तिर्थको चित्रण गरिएको छ ।

ठूलो एकादशीका अवसरमा दुई प्रकारका भजनगीत गाइन्छ । यी गीतमा दुईदेखि पाँच पद्यखण्डसम्मको र प्रत्येक खण्डमा तीनदेखि चाँर पङ्क्ति तथा कूल सातदेखि पन्ध्र पङ्क्तिसम्मको संरचना रहेको छ । गायन र सहभागिताका आधारमा यी दुबै समूहगीत

हुन् । कथ्यका अधारमा देवी-देवताको स्मरण र परिवेशका रूपमा शिवमन्दिर र गङ्गाकिनारलाई चित्रण गरिएको छ ।

फागुपूर्णिमाका अवसरमा ४ प्रकारका होलीगीत गाइन्छ । यी गीतहरूमा तीनदेखि बाह्र पङ्क्तिखण्डसम्मको, प्रत्येक खण्डमा एकदेखि चारपङ्क्तिसम्मको र जम्मा आठदेखि सोह्र पङ्क्तिसम्मको संरचना रहेको छ । गायन र सहभागिताका आधारमा यी सबै गीत समूहिकगीत हुन् । कथ्यका रूपमा हर्षको अभिव्यक्ति र परिवेशका रूपमा फागुखेल्ने ठाउँ तथा नदीकिनारको चर्चा गरिएको छ ।

रामनवमीको अवसरमा तीन प्रकारका रामभजन गाइन्छ । यी भजनगीतमा पाँचदेखि नौ पद्यखण्डसम्मको, प्रत्येक खण्डमा दुई दुई पङ्क्ति र जम्मा दशदेखि अठार पङ्क्तिसम्मको संरचना छ । गायन र सहभागिताका आधारमा यी तीनवटै समूहगीत हुन् । कथ्यका रूपमा भगवान रामको स्मरण गरिएको छ । परिवेशका रूपमा नगरवन, अयोध्यापुरी र रामको फूलवारीको चित्रण गरिएको छ ।

माथि उल्लिखित पर्वगीतहरूमा तीनदेखि सात पङ्क्तिसम्मका गीतहरू छवटा, आठदेखि बाह्र पङ्क्तिसम्मका गीतहरू दशवटा र बाह्र भन्दा बढी पङ्क्तिभएका गीतहरू पाँचवटा छन् । पर्वगत हिसाबले सबैभन्दा लामोगीत तीजेगीत - २. र सबैभन्दा छोटो गीत पुत्रजन्म पाङ्दुरेगीत रहेको छ । पात्र प्रयोगका दृष्टिले लौकिक र अलौकिक दुबैखाले पात्रको प्रयोग भएको छ । वाद्यका दृष्टिले विशद्ध गेय र वाद्यगीत गरी दुई स्वरूपका गीत छन् । भाषा प्रयोगका दृष्टिले शुद्ध कुमाल भाषाको प्रयोग भएका, कुमाल र अन्य भाषाको मिश्रित प्रयोग भएका र शुद्ध नेपाली भाषाका गरी तीन स्वरूपका गीत छन् ।

पाँचौ परिच्छेद

# उपसंहार

पाँचौ परिच्छेद

# उपसंहार

## ५.१ निष्कर्ष

प्रस्तुत अध्ययन चितवनको मेघौली गाविसका कुमाल जातिमा प्रचलित पर्वगीतहरूको अध्ययनमा केन्द्रित छ । यो अध्ययन पाँच परिच्छेदको संरचनामा पूरा भएको छ ।

**पहिलो परिच्छेद :** ***अध्ययनपत्रको परिचयसित*** सम्बन्धित छ । यस अन्तर्गत अध्ययनशीर्षक, अध्ययनपरिचय, अध्ययनप्रयोजन, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनपत्रको औचित्य, अध्ययनको सीमाङ्कन, सामग्रीसङ्कलन तथा अध्ययन विधि र अध्ययनपत्रको रूपरेखा उपशीर्षकहरू रहेका छन् ।

**दोस्रो परिच्छेद :** ***लोकगीतको सैद्धान्तिक स्वरूप र वर्गीकरणसित*** सम्बन्धित छ । यस अन्तर्गत लोकगीत, लोकगीतको परिभाषा, लोकगीतका विशेषता, लोकगीतका तत्त्वहरू लोकगीतको वर्गीकरण र निष्कर्ष उपशीर्षकहरू रहेका छन् ।

लोकगीत लोकसाहित्यिको सर्वाधिक प्रिय विधा हो । लोकजीवनको सुख-दुःख र हाँसो-रोदनको स्वतःस्फूर्त लगायत्मक अभिव्यक्तिलाई लोकगीत भनिन्छ । अज्ञात रचयिता, मौखिक रचना, लयात्मकता, चरण वा अन्तराको पुनरावृत्ति, सरलता र सहजता, सामूहिकता, कथनमा विविधता, स्थानीयता, परिवर्तनशीलता, उपदेशात्मकता र सङ्क्षिप्तता लोकगीतका मुख्य विशेषताहरू हुन् । लोकगीतका तत्वलाई अनिवार्य र ऐच्छिक २ वर्गमा बाँडिन्छ । अनिवार्य तत्वमा कथ्य, भाषा, लय, पात्र, स्थायी र अन्तरा पर्दछन् भने ऐच्छिक तत्वमा गायक/गायिका, रहनी वा थेगो, वाद्य, नृत्य, वेशभूषा र श्रोता पर्दछन् । कार्य, रसभाव, विषयवस्तु, सहभागिता, लय, क्षेत्र, जात, उमेर, स्वरूप, प्रस्तुति र गाइने अवसरका आधार लोकगीत वर्गीकरणका मापदण्ड हुन् । यी आधारमध्ये गाइने अवसरलाई मुख्य आधार मानिन्छ । यस आधारमा सामान्य अवसर र विशेष अवसर गरी लोकगीत दुई खाले हुन्छन् । सामान्य अवसरमा वाह्रमासा र बाह्रमासे गीतहरू पर्दछन् । वर्षचक्रीय, सँस्कार, धार्मिक र विविध गरी चार प्रकारका गीतहरू विशेष अवसरका गीत हुन् । वर्षचक्रीय गीत पर्वगीत र श्रमगीत गरी दुई प्रकारका हुन्छन । रत्यौली, मागल र आशीका सँस्कारगीतहरू हुन् । भजन र चुड्काहरू धार्मिक गीत हुन् । रोइला र ख्यालीलाई विविध गीतमा राखिएको छ ।

**तेस्रो परिच्छेद :** ***मेघौली गाविसका कुमाल जातिको सामाजिक सांस्कृतिक तथा पर्वगीत गायन परम्परासित*** सम्बन्धित छ ।

चितवनको मेघौली गाविसमा कुमालहरूको बसोबास छ । यिनीहरूको मुख्य पेशा कृषि भए पनि हाल आएर विभिन्न पेशामा लागेका छन् । मेघौलीवासी कुमालहरूका आफ्नैखाले सामाजिक सँस्कारहरू छन् । जन्म, छैंटी, न्वारन, विवाह र मृत्यु मुख्य सँस्कार हुन् । यहाँ एक अर्काबीच अभिवादन आदानप्रदान गरिन्छ । मेघौलीवासी कुमालहरूमा झाम्रेबस्ने प्रचलन पनि छ हिन्दुधर्म मान्ने यिनीहरू झारफुक र भाकलहरूमा विश्वास गर्दछन् । यहाँ देवी-देवताको पूजा र नागपूजा गरेर कार्यसिद्धिको कामना गर्ने प्रचलन पनि छ । दशैं, तिहार, कृष्णाष्टमी, तीज, ठूलो एकादशी, फागुपूर्णिमा र रामनवमी यहाँका कुमालहरूका मुख्य चाडपर्व हुन् । यी पर्वका अवसरमा पर्वगीत गायनको परम्परा यहाँ छ । दशैंतिहारमा पाङ्दुरेगीत, तीजमा तीजेगीत, फागुपूर्णिमामा फगुवागीत र कृष्णाष्टमी, ठूलो एकादशी तथा रामनवमीमा भजन स्वरूपका पर्वगीतहरू गाएर मेघौलीवासी कुमालहरूले आफ्नो पर्वगीत गायन परम्परालाई जोगाएका छन् ।

**चौथो परिच्छेद :** ***चितवनको मेघौली गाविसका कुमाल जातिमा प्रचलित पर्वगीतहरूको अध्ययनसँग*** सम्बन्धित छ । मेघौलीवासी कुमाल समाजमा दशैं, तिहार, कृष्णाष्टमी, तीज, ठूलो एकादशी, फागुफूर्णिमा र रामनवमी पर्वमा अलगअलग पर्वगीत गाइन्छन् । दशैंतिहारमा गाइने गीतलाई पाङ्दुरेगीत र यो गीतसँग गरिने नृत्यलाई पाङ्दुरेनाच भनिन्छ । गीतको प्रकृति र गाइने अवसरका आधारमा पाङ्दुरेगीत सात प्रकारका छन् । बर्रौनी पाङ्दुरेगीतमा देवी-देवताको स्तुतिगान गरिन्छ । देवस्तुति सकिएपछि मूल पाङ्दुरेगीत शुरू हुन्छ । विरह र वेदना मिश्रित गीतलाई विरह पाङ्दुरेगीत भनिन्छ । पुत्रजन्म पाङ्दुरेगीतमा धार्मिक कृत्य गरेमा पुत्रप्राप्ति हुन्छ भन्ने भाव अभिव्यक्त छ । ठूलावडा र मुखियाका घरमा गई दानदक्षिणा माग्न गाइने गीत दानप्राप्तिको पाङ्दुरेगीत हो । पाङ्दुरेगीत विसर्जनका बेलामा आशीष पाङ्दुरेगीत गाएर घरमूलीलाई खुशी पारिन्छ ।

मेघौलीका कुमालहरूमा कृष्णाष्टमीमा राधा र कृष्णका भजनगीत गाउने चलन छ । राधाज्यूको गीत, रासगीत र कृष्णजन्मगीत महाभारतको आख्यानसित सम्बन्धित छन् । ठूलो एकादशीपर्वमा भजनस्वरूपका लोकगीतहरू गाइन्छन् । ईश्वरप्रति भक्तिभाव प्रकट गरिएका यस्ता भजनगीतमा यहाँका कुमाल नरनारी सबैको सामूहिक सहभागिता हुन्छ । फागुपूर्णिमाका अवसरमा होलीगीत गाइन्छन् । यस्ता गीतमा मनोरञ्जन र आस्तिकभाव प्रकट भएका छन् । रामनवमीमा रामायणको कथावस्तुमा आधारित रामभजनहरू गाइन्छन् । मेघौलीवासी कुमालहरूको हिन्दुधर्मप्रतिको आस्था यी भजनगीतमा प्रकट भएको छ ।

आकारका दृष्टिले यी पर्वगीतहरू लामा, छोटा र मझौला गरी तीन खालका छन् । तीनदेखि सात पङ्क्तिसम्मका गीतहरू छोटा गीत हुन् । जसको संख्या ६ वटा छ । आठदेखि बाह्र पङ्क्तिसम्मका गीतहरू मझौला हुन् । यस्ता गीत दशवटा छन् भने बाह्रदेखि अठार पङ्क्तिसम्मका गीत लामा हुन् । यस्ता गीतको संख्या पाँचवटा छ । सङ्कलित गीतहरूमध्ये सबैभन्दा लामो गीत तीजेगीत-२ र सबैभन्दा छोटो गीत पुत्रजन्म पाङ्दुरेगीत हो । पात्र प्रयोगका दृष्टिले लौकिक र अलौकिक पात्रको प्रयोग भएका यी गीतमा मन्दिर, घर, तिर्थस्थल, नदीतट, पूजास्थान र फूलबारीलाई परिवेशका रूपमा वर्णन गरिएको छ । वाद्यवादनका दृष्टिले विशुद्धगेय र वाद्यगीत तथा भाषाका दृष्टिले शुद्ध कुमाल भाषा र मिश्रित भाषाका पर्वगीतहरू मेघौलीको कुमाल समाजमा रहेका छन् ।

**पाँचौं परिच्छेद :** *उपसंहारसँग* सम्बन्धित छ । पहिलो परिच्छेददेखि चौथो परिच्छेदसम्म गरिएको अध्ययनको सारसंक्षेप र निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । परिशिष्ट-१ मा मेघौलीको कुमाल समाजमा प्रचलित कुमाल भाषाका शब्दलाई वर्णानुक्रममा राखिएको छ । परिशिष्ट-२ र परिशिष्ट-३ मा क्रमशः मेघौली गाविस र चितवन जिल्लाको नक्सा समावेश गरी यो अध्ययनपत्रलाई सर्वाङ्गपूर्ण पारिएको छ ।

## ५.२ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू

कुमाल जातिका बारेमा थप अध्ययन गर्न चाहने अध्ययनकर्ता तथा शोधकर्ताहरूका लागि सम्भावित शीर्षकहरू यस प्रकार छन् -

**क) चितवनका कुमालहरूमा प्रचलित लोककथाको अध्ययन ।**

**ख) चितवनका कुमालहरूमा प्रचलित लोकनाटकको अध्ययन ।**

**ग) चितवनका कुमालहरूमा प्रचलित उखानटुक्काको अध्ययन ।**

**घ) चितवनका कुमाल लोकसाहित्यमा प्रयुक्त कुमाल भाषा र नेपाली भाषाको तुलनात्मक अध्ययन ।**

# सन्दर्भग्रन्थ सूची


आचार्य, गोविन्द ***लोकगीतको विश्लेषण*** पैरवी प्रकाशन काठमान्डौ २०६२ ।

उपाध्याय, रेग्मी चूडामणि ***नेपाली भाषाको उत्पत्ति*** साझा प्रकाशन ललितपुर २०३२ ।

कन्दङ्वा, काजीमान ***नेपाली जनसहित्य*** रोयल नेपाल एकेडमी काठमान्डौ २०२० ।

कुमाल, रामसिंह ***पश्चिम चितवनका कुमाल जातिको सामाजिक भाषिक अवस्था*** त्रि. वि. वि ., अ. प्र. अंग्रेजी शोधपत्र २०६५ ।

गौतम, देवीप्रसाद ***नेपाली भाषा परिचय*** साझा प्रकाशन ललितपुर २०४९ ।

चितवन जिविसको कार्यालय ***चितवन जिल्ला एक झलक*** २०५९ ।

थापा, धर्मराज ***मेरो नेपाल भ्रमण*** सावित्री थापा पोखरा २०१६ ।

थापा, धर्मराज र सुवेदी हंसपुरे ***नेपाली लोक साहित्यको विवेचना*** त्रि. वि. वि. पा. वि. के काठमान्डौ २०४१ ।

नेपाल, द्वारिका ***चितवन जिल्लाका कुमाल जातिमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण त्रि.वि.वि. अ. प्र. अध्ययनपत्र*** वीरेन्द्र वहुमुखी क्याम्पस भरतपुर २०६० ।

पराजुली, कृष्णप्रसाद ***नेपाली लोकगीतको आलोक*** वीणा प्रकाशन काठमान्डौ २०५७ ।

पराजुली, मोतिलाल ***नेपाली लोकगाथा*** तारादेवी पराजुली पोखरा २०४९ ।

पराजुली, मोतिलाल ***नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू*** साझा प्रकाशन ललिपुर २०६३ ।

पोखेल, बालकृष्ण ***राष्ट्रभाषा*** साझा प्रकाशन काठमान्डौ २०३१ ।

पौड्याल, हीरामणि शर्मा ***कुमाल भाषाको अध्ययन*** इन्दिरा शर्मा पौड्याल पर्वत २०४३ ।

पौड्याल, हीरामणि शर्मा ***बोटे भाषाको अध्ययन*** इन्दिरा शर्मा पौड्याल पर्वत २०४२ ।

बन्धु चूडामणि ***नेपाली लोकसहित्य*** एकता बुक्स काठमान्डौ २०५८ ।

बन्धु, चूडामणि, ***भाषा विज्ञान*** साझा प्रकाशन ललितपुर २०४० ।

विष्ट, डोरबहादुर ***सबै जातको फूलबारी*** साझा प्रकाशन ललितपुर २०३० ।

महर्षि, वेदव्यास, ***श्रीमद्भगवद्गीता*** जय नेपाल प्रकाशन वाराणसी २०५९ ।

लोहनी, लक्ष्मण ***रोधीघर*** रत्न पुस्तक भण्डार काठमाण्डौ २०१३ ।

शर्मा मोहनराज र लुइटेल, खगेन्द्र ***लोकवार्ता विज्ञान र लोकसाहित्य*** विद्यार्थी पुस्तक भण्डार काठमान्डौ २०६३ ।

शर्मा, वालचन्द्र ***नेपाली शब्द-कोश*** प्रथम प्रकाशन रोयल नेपाल एकेडेमी २०१६ ।

शर्मा, सोमनाथ ***मध्यचन्द्रिका*** सातौ संस्करण काठमान्डौं २०१७ ।

शाह, सुवि, ***नेपाली लोकगीतको झलक*** साझा प्रकाशन पुलचोक ललितपुर-२०६२ ।

श्रीवास्तव, दयानन्द ***नेपाली भाषा यसको इतिहास र विकास*** कलकत्ता सन् १९६२ ।

## पत्रपत्रिका :

**गोरखापत्र** दैनिक २०६६ साउन ६ गते मङ्गलवार पृष्ठ ९ ।

**गोरखापत्र** दैनिक २०६६ साउन १३ गते विहीबार पृष्ठ ९ ।

**गोरखापत्र** दैनिक २०६६ पुष २० गते सोमबार पृष्ठ ९ ।

**गोरखापत्र** दैनिक २०६६ कार्तिक ५ गते विहीबार पृष्ठ ८ ।

**गोरखापत्र** दैनिक २०६७ जेठ २७ गते विहीबार पृष्ठ ८ ।

**गोरखापत्र** दैनिक २०६७ साउन १३ गते विहीबार पृष्ठ ९ ।

**गोरखापत्र** दैनिक २०६७ भदौ १३ गते बुधबार पृष्ठ ९ ।

**गोरखापत्र** दैनिक २०६७ भदौ १७ गते आइतबार पृष्ठ ९ ।

**गोरखापत्र** दैनिक २०६७ भदौ २७ गते आइतबार पृष्ठ ९ ।

## स्रोतव्यक्तिहरू :

१) ठूलो मङ्गले कुमाल, मेघौली-१, लौखरी, चितवन ।

२) शंखर ओझा कुमाल, मेघौली-१, लौखरी, चितवन ।

३) गीता कुमाल, मेघौली-१, लौखरी, चितवन ।

४) हितलाल कुमाल, मेघौली-२, सालवास, चितवन ।

५) रामसिंह कुमाल, मेघौली-३,जीतपुर, चितवन ।

परिशिष्ट १

# मेघौलीको कुमाल समाजमा प्रचलित कुमाल भाषाका शब्दहरू

अइँना - ऐना/दर्पण

आङ्-.आँङ/जिउ

इच्छीन/इँच्छीउ-यहीं/यहींनेर

उडइ-उड्नु

एखोटा, एखुँन्टा - एकएकवटा

ओतइ - उता

कँउँलो- नरम/कमलो

कुच्चा - कुचो

खेत्रा-खेताला

गरिप् - गरीब

गुँडि- नाइटो /नाभिस्थान

घइलि घइला-घैंटो/माटाको घडा

घोत् - मृतकका घरमा १० दिन भित्र भाइ बन्धुले ल्याउने भेटी

घोतारि- भेटी ल्याउने मानिस

चोंचे - सुँगुर

छुछ्छा-छुचो

जँउँल्याहा-जुम्ल्याहा

जवाँइँ-जुवाइँ

जेङ्गरि- डोरी

झाँम्रे- रोदी/तरूनी तन्देरी एकत्र भेला भई गीत गाउने गीत

टल्कइ-टल्कनु

ठेंगारे- आसारमा आली लगाउने र कुना काप्चा खन्ने व्यक्ति

डँडारि/डँडाल्नि-डँडाल्नो /पिठिउँ

ढाखर्-डोको तथा थुन्से

तँमउरा - रक्सी पार्न आवश्यक पर्ने तामाको भाँडो/ताउली

दइला/दुवार- द्वार/ढोका

देउता-देवता

धौँसा-धुवाँसो

नाख्- नाक

पाँनि-पानी

पिरून्डा/फिरिन्डा-पिडौला

फर्‍या-फरिया

बतिला-बचिलो

भइया-भाइ/सतभइया (शय भाइ) पचभइया (पचास भाइ)

भत्यार्- भतेर

मुजेत्रा/मएँत्रा-मजेत्रा

याँहाँ- यहाँ

रच्छे करइ-रक्षा गर्नु

रिन्-ऋण

लाँभो-.लामो

संगिलो /सिंम्लो-संग्लो/स्वच्छ

सँन्काहा-वौलाहा

सर्पो /साँप्-सर्प

सित्कुना-सिप्किनु

सुइला/कुलि-जुवामा ठोकिने सोइला

सौँचइ-सोच्नु

हज्जार्- हजार

हटेउरि- गुन्द्री बन्न चाहिने डोरी/हत्यौरी

हाँसइ-हाँस्नु